नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**नेपाल रेल्वे निरन्तर घाटामा, खर्च उच्च**
*समाचार पृष्ठ ३ मा*



● वर्ष ४ ● अंक १४० ● २०८२ साल चैत्र २५ गते बुधवार ● Wednesday 08, April 2026 ● सूर्योदयः बिहान ०५:४९ बजे ● सूर्यास्तः साँझ ०६:२५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# पर्सामा रातारात सुशासनको झलक
# कर्मचारी सुध्रिए कि सरकारले पाता कस्यो ?

***वीरगंज भन्सारदेखि जिल्ला प्रशासन कार्यालय पर्सासम्म एकाएक देखिएको 'सुशासन'को चमकले सेवाग्राही चकित छन्—जहाँ पहिले बिचौलिया र ढिलासुस्तीको जालो थियो, त्यहीँ अहिले घण्टौँमै काम सम्पन्न हुन थालेको छ। तर यो सुधार स्थायी हो कि अस्थायी 'अनुगमनको प्रभाव' मात्र ? काठमाडौंबाट गोप्य रूपमा खटिएको टोली फर्किएपछि फेरि पुरानै प्रवृत्ति दोहोरिने हो कि भन्ने गम्भीर प्रश्न उठेको छ। अहिलेको तीव्र सुधारले आशा जगाएको छ, तर दीर्घकालीन पारदर्शिता र जिम्मेवारी सुनिश्चित नगरेसम्म यो परिवर्तन केवल क्षणिक देखावा नबनोस् भन्नेमा सर्वसाधारण सतर्क छन्।***




**मधेशदृष्टि**
**वीरगंज।**
पत्याउनु हुन्छ ? अहिले वीरगंज भन्सारमा पहिलाजस्तो बिचौलियाको बोलवाला छैन। अनि कार्यालयका प्रत्येक कोठामा कर्मचारीले काममा अल्झाउँदैन। फटाफट काम भइरहेको छ। पहिला दुई दिन, तीन दिन लाग्ने काम कागजात भए अब बढीमा अढाइ घण्टा या दुई घण्टामै हुने गरेको छ। सेवाग्राही पनि दंग पर्न थालेका छन् कि वीरगंज भन्सार एकाएक कसरी सुध्रियो, किन सुध्रियो ?
सेवाग्राही हेर्छन्, कर्मचारी उही छन्, कोठा उही छन्। पहिला यही कामका लागि कर्मचारीलाई कतिखेर आफूतिर केन्द्रित गर्ने भनेर एकप्रकारको 'निगाह' आस गर्नु पर्थ्यो, अहिले तिनै कर्मचारी कागजात लिएर गएको पनि समय नोट गर्छन्। फाइल आएको यति मिनेटमा काम गरेँ भनेर फेरि समय नोट गर्छन्, भन्सारमा यस्तो सुधार ? यो कुनै मनगढन्ते कहानी र घण्टाघर चोकको चियागफ होइन, वीरगंज भन्सार सुध्रिएको नयाँ र पत्याउनै पर्ने कथा हो।
यति मात्रै होइन, यही पर्सा सिडिओ अफिस हो। सहायक सिडिओ, अधिकृत र माथि पुगेर सिडिओलाई 'तजबिज' लागे नागरिकताका लागि सनाखतको उद्योग चलाइन्थ्यो। वडाको सिफारिससहित अरु कागजात बोकेर पुगेका, स्नातक तह पढेकाहरु पनि 'बडाहाकिम'हरुको मन बुझेन भने 'सनाखत'को तामेली ठोकिदिन्थे। अहिले त्यही सिडिओ कार्यालय अर्थात् जिल्ला प्रशासन कार्यालय पर्सामा नागरिकता एउटै फाँटबाट उपलब्ध हुन थालेको छ। यतापट्टि झ्यालबाट आवेदन, उतापट्टि झ्यालबाट नागरिकताको कपी। यस्तो सुशासन देखिन थाल्यो कि ग्रामीण भेगका प्रशासनमा सेवा लिन आएकाहरु दिउँसै घर पुग्न थाले। 'कति चाँडै काम भयो कि नागरिकता बनेन ?' भनेर घरकाले सोध्न थाले। यसरी भन्सार, सिडिओ अफिस सुध्रेपछि अब तपाईंलाई लाग्दा, मालपोत, नापी र यातायातमा के छ ? यी कार्यालयहरु पनि फटाफट काम हुने कार्यालय बनेका छन्। सबै कार्यालयहरुको तालुकदार प्रशासनमै काम भएपछि यातायात, नापी, मालपोतका कर्मचारी नसुध्रिएर कहाँ हुन्छ ? उनीहरु पनि सुध्रिएको सेवाग्राहीले मधेशदृष्टिको सम्पर्कमा बताएका छन्। साँच्चै भन्ने हो भने पर्सामा रामराज्य सुरु भयो कि क्या भन्ने अवस्था बनेको छ। यस्ता कार्यालयहरुमा बिचौलिया जोगाइदिए बापत उपलब्ध हुने अदृश्य भत्ता र आम्दानी लिनेहरुको पनि अचेल राति निद्रा हराउन थालेको सूचना मधेशदृष्टिमा आएका छन्।

### • भएको के हो ?

केही दिनअघि नेपाल सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्ले वीरगंज आएका थिए। अरु अर्थमन्त्रीजस्तै यी अर्थमन्त्री पनि वीरगंज आउने नै भए। व्यापारीको पुरानै बानी छ। सकेको सम्मान र स्वागत गर्ने, जाँदा उपहारको झोली पनि बाहिर थाहा नहुने गरी भर्ने। तर यसपटक अर्थमन्त्रीको भ्रमण त्यस्तो रहेन। सुशासनको भूइँचम्पा फालिदिए अर्थमन्त्रीले। यही भूइँचम्पा पटाकाको आवाजमा अहिले पड्किरहेको छ र त्यसले आवाज भने अरु ठूलो निकालिरहेको छ। यसको अनुगमन गर्न प्रहरी, अर्थ, राजस्वलगायतका विभिन्न निकायको पाँच जनाको एउटा टोली काठमाडौँबाट वीरगंज आएर बसेको छ। कुन कार्यालयमा कुन काम किन र कुन कर्मचारीको इच्छा नहुँदा रोकिएको छ भनेर मोनिटरिङ भइरहेको छ। त्यो टोलीबारे कतै चर्चा छैन। कसैले थाहा पाएका पनि छैनन्। यो विषय सार्वजनिक गरिएको पनि छैन।
कुन कार्यालयमा बिचौलिया र कुन कार्यालयमा कर्मचारीकै कारण काम रोकिएको छ भन्ने उनीहरुलाई सामान्य ज्ञान छ। त्यही सामान्य ज्ञानले काम गरिरहेको छ र अहिले वीरगंजमा सुशासनको झलक देख्न पाइन्छ। मधेशदृष्टिको सम्पर्कमा आएका समूहका एक अधिकृतले भने, 'काम फटाफट हुन थालेको महसुस भएको छ कि छैन ? हामी वीरगंज आएर बसेको उपलब्धी सम्झिदिनुहोला।'
यस्तै सुशासन यो टोली काठमाडौँ फर्केपछि कायम रहला कि नरहला ? पर्साका जनताले जिज्ञासा राखेका छन् र सुशासनको अनुभूत गराएकामा नयाँ सरकारलाई धन्यवाद नै दिएका छन्।

# प्रदेशको विकासमा निजीक्षेत्रको भूमिका महत्वपूर्णः मुख्यमन्त्री




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशको समग्र आर्थिक विकासमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन्। नेपाल उद्योग वाणिज्य महासङ्घ, मधेश प्रदेशको जनकपुरधाममा आयोजित सातौँ प्रदेश सभाको उद्घाटन समारोहमा उनले निजी क्षेत्रलाई प्रोत्साहन र लगानीमैत्री वातावरण निर्माणमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।
मधेश प्रदेश, नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. सोहन साहले दीगो र समावेशी विकासका लागि दीर्घकालीन योजनाको आवश्यकता औँल्याए। उनले उत्पादनमूलक क्षेत्रलाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्नेमा जोड दिए। महासङ्घ, लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण पराजुलीले प्रदेशबीचको सहकार्य र अनुभव आदानप्रदानले उद्योग व्यवसाय विस्तारमा टेवा पुग्ने विचार व्यक्त गरे।
उनले आर्थिक समृद्धिका लागि निजी क्षेत्रलाई सशक्त बनाउनु आवश्यक रहेको बताए। जनकपुरधाम उपमहानगरपालिका प्रमुख मनोज साहले स्थानीय तह र निजी क्षेत्रबीच सहकार्यमा जोड दिँदै लगानी प्रवर्द्धनका लागि सहजीकरण गर्न स्थानीय तहले पनि आपश्यक भूमिका खेल्ने बताए। कार्यक्रममा महासङ्घका नवनिर्वाचित अध्यक्ष विजयकुमार साहले उद्योगी–व्यवसायीको हित संरक्षण गर्दै प्रदेशमा लगानीमैत्री वातावरण निर्माणका लागि आफू सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे। उनले निजी क्षेत्र र सरकारबीच समन्वय बढाउँदै आर्थिक गतिविधि विस्तार गर्ने आफ्नो प्राथमिकता रहेको उल्लेख गरे। कार्यक्रममा अध्यक्ष तथा महासङ्घ, मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले मधेश प्रदेशको आर्थिक समृद्धिका लागि उद्योगी–व्यवसायी एकजुट भएर अगाडि बढ्नुपर्ने बताए। उनले प्रदेशमा उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार विकास र नीतिगत स्थिरता अपरिहार्य रहेको धारणा व्यक्त गरे।

# मोटरसाइकल दुर्घटनापछि जलेर तीन विद्यार्थीको मृत्यु



**मधेशदृष्टि**
**महोत्तरी।**
जलेश्वर–बर्दिबास सडकखण्डको बथनाहा गाउँमा मंगलबार बिहान दुई वटा मोटरसाइकल एकापसमा ठोक्किएर आगलागी हुँदा तीन विद्यार्थीको जलेर मृत्यु भएको घटनाको थप विवरण सार्वजनिक गरिएको छ। मृत्यु हुनेमा सदरमुकाम जलेश्वर नगरपालिका–६ बस्ने सुरेन्द्र दासका छोरा अन्दाजी २० वर्षीय शुभाष दास, रामदयाल दासका छोरा अन्दाजी २० वर्षीय रवि दास र एकडारा गाउँपालिका–३ बस्ने शत्रुध्न मण्डलका छोरा अन्दाजी २० वर्षीय अभिषेक मण्डल रहेको प्रहरीले जनाएको छ।
निजका आफन्तहरूले शव पहिचान गरेपछि मृतकको पहिचान खुलेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टले बताए। त्यस्तै, घटनामा थप तीन जना गम्भीर घाइते भएका छन्। घाइते हुनेहरूमा जलेश्वर नगरपालिका–६ कै सुरेश दासका छोरा अन्दाजी १९ वर्षीय रोहित दास, सोही ठेगानाका लखिन्द्र कापरका छोरा अन्दाजी १९ वर्षीय अभय कापर र एकडारा गाउँपालिका–५ बथनाहाका रामवरण कापरका छोरा अन्दाजी २० वर्षीय अजय कापर छन्।
मोटरसाइकल दुर्घटनालगत्तै घटनास्थलमा पुगेका व्यक्तिहरूले उद्धार गर्नु भन्दा पनि फोटा तथा भिडियो खिचेर बसेका र उद्धार नगर्दा मानवीय क्षति बढी भएको प्रत्यक्षदर्शीहरूले बताए। घटना स्थल नजिकैबाट यात्रुहरू ओहोरदोहोर गरिरहेको भए पनि घाइतेको उद्धार गर्ने प्रयास भएन। मोटरसाइकलको पेट्रोलमा दन्किएको आगोले जलेर तीन जनाकै मृत्यु भएको हो। आगोले नभेटेकाहरू जीवित छन्। सुरुमै उद्धार गर्ने प्रयास भइदिएको भए उनीहरूलाई आगोबाट जोगाउन सकिने देखिएको प्रहरीको ठहर छ।

# अनधिकृत बजार पसल हटाउँदै वीरगंज महानगर

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले नगरका विभिन्न स्थानमा जथाभावी सञ्चालन भइरहेका अनधिकृत बजार तथा पसल तत्काल बन्द गर्न निर्देशन दिएको छ। महानगरपालिकाले मङ्गलबार सूचना जारी गर्दै नयाँ बसपार्क नजिकको खाली जग्गा, पावरहाउस क्षेत्र, मुर्ली चोक, बुखार चोक, इदगाह चोक तथा गीता मन्दिर आसपासमा सञ्चालन भइरहेका तरकारी, फलफूललगायतका अस्थायी बजार हटाउन निर्देशन दिएको हो।
सूचनामा तोकिएको स्थानबाहेक अन्यत्र बजार सञ्चालन नगर्न आग्रह गर्दै अटेर गरे प्रचलित कानूनअनुसार कारबाही गरिने चेतावनीसमेत दिइएको छ। महानगरका अनुसार बजार व्यवस्थापनलाई व्यवस्थित बनाउन माइस्थान नजिक मिना बजार कम्प्लेक्स तथा छपकैया (रेल्वे रोड) क्षेत्रमा तरकारी तथा फलफूल थोक बजार सञ्चालनमा ल्याइसकिएको छ। यसअघि घण्टाघर क्षेत्रको अव्यवस्थित बजारलाई पनि सोही स्थानमा स्थानान्तरण गर्ने प्रयास गरिएको थियो। तर केही व्यवसायीले महानगरको निर्देशन अटेर गर्दै सडक तथा सार्वजनिक स्थानमै बजार सञ्चालन गरिरहेको पाइएको छ।
यसैबीच, मधेश प्रदेश सरकारको परिपत्रअनुसार पनि बजार तोकिएको स्थानमा मात्र सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको जनाइएको छ। महानगरपालिकाले सबै व्यवसायीलाई तत्काल अनधिकृत स्थानबाट हटेर तोकिएको क्षेत्रमा सर्न आग्रह गर्दै नियम उल्लङ्घन गरे कडा कारबाही गरिने जनाएको छ।

# एमाले विशेष महाधिवेशन पक्षधरलाई रोक्न खोजिँदै

**मधेशदृष्टि**
**काठमाडौँ।**
प्रतिनिधिसभा सदस्यको निर्वाचन परिणामपछि पार्टीको समग्र संरचना पुनर्गठन गर्नुपर्ने मागसहित विशेष महाधिवेशनका लागि हस्ताक्षर संकलनमा लागेका नेताहरूलाई एमाले त्यसो नगर्न भनेको छ।
पार्टी केन्द्रीय कार्यालयमा मंगलबार दिउँसो बोलाइएका उनीहरूलाई कार्यवाहक अध्यक्ष रामबहादुर थापा (बादल) ले पार्टीका आन्तरिक विषय आन्तरिक छलफल र समीक्षाबाटै टुंगो लगाउनुपर्ने भन्दै हस्ताक्षर संकलन अभियान स्थगित गर्न भनेका हुन्। छलफलमा सहभागी एक नेताका अनुसार पार्टी राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा घरेलु शक्ति केन्द्रबाट आक्रमणमा परेको बेला पार्टीकै आन्तरिक विषयमा आन्तरिक बाहेकका गतिविधि नगर्न कार्यवाहक अध्यक्ष थापाले आग्रह गरे। तर, विशेष महाधिवेशन पक्षधरले उनको कुरा मानेका छैनन्।
छलफलका क्रममा कार्यवाहक अध्यक्ष बादलले पार्टीको पुनर्संरचनाका विषयमा नेतृत्व पंक्ति सकारात्मक रहेको बताए। 'हामी सकारात्मक भएपछि तपाईंहरूले अलग्गै हस्ताक्षर किन गराउनु पर्‍यो ?,' बादलले मागकर्ता अगुवालाई भनेको छलफलमा सहभागी ती नेताले बताए।
विशेष महाधिवेशन पक्षधरले भने पार्टीको अहिलेको संकट महाधिवेशनभन्दा सानो फोरममा हुन नसक्ने बताएका थिए। उनीहरुको सुझाव थियो, 'तलका कमिटीबाट समीक्षा मगाएर टारेजस्तो गर्नुहुँदैन। त्यसका लागि महाधिवेशन नै चाहिन्छ। त्यसमा आम कार्यकर्ता र जनताको रायलाई पनि संवोधन हुनुपर्छ। केन्द्रीय कमिटीले नै महाधिवेशन बोलाउँछ भने ठीक छ। तर, त्यस्तो सुरसार नदेखिएपछि हामी हस्ताक्षर अभियानमा लागेका हौँ। यदि यतिबेला नै विशेष महाधिवेशन बोलाएर पार्टीले आफूलाई पुनर्संरचना गरेन भने संगठित सदस्य मात्रै होइन, समर्थक–शुभचिन्तक तहका मान्छे पनि अडिन नसक्ने भए।'
मंगलबारको छलफलमा विशेष महाधिवेशन पक्षधरका तर्फबाट नेपाल बौद्धिक परिषद्का अध्यक्ष इञ्जिनियर गजेन्द्र थपलिया, राष्ट्रिय युवा संघका उपमहासचिव उपेन्द्र शाही र अनेरास्ववियुका उपमहासचिव कमल जोशीसहितका नेता बोलाइएका थिए।



# पाँच वर्षभित्र हरेक क्षेत्रमा सुधार हुन्छः मन्त्री पोखरेल



**महेन्द्रनगर।**
शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले आगामी पाँच वर्षभित्र हरेक क्षेत्रमा सुधार क्रमशः हुँदै जाने बताएका छन्।

कञ्चनपुरको महेन्द्रनगरस्थित सुदूरपश्चिम विश्वविद्यालयको निरीक्षणपछि आज यहाँ आयोजित कार्यक्रममा उहाँले पहिलो वर्ष प्राथमिकताका आधारमा शिक्षा र स्वास्थ्यमा सरकारले लगानी गर्ने बताए।

मन्त्री पोखरेलले विगतमा पहुँच कम भएका विद्यालय÷विश्वविद्यालयलाई बढी प्राथमिकतामा राखेर सरकारले काम गर्ने बताए। उनले भने, आगामी पाँच वर्षभित्र हरेक क्षेत्रमा सुधार गर्दै जानेछौँ। पहुँच कम भएका क्षेत्रमा लगानी र अनुदान पनि बढाइने छ।

देशभर शिक्षा क्षेत्रको सुधारका लागि काम गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै मन्त्री पोखरेलले सरकारले प्राथमिकतामा राखेका विषयलाई ध्यान दिएर काम गर्न विश्वविद्यालयका पदाधिकारी र कर्मचारीहरूलाई निर्देशन दिए । रासस

# बुधबार धेरै स्थानमा वर्षा हुने पश्चिममा बढी

**काठमाडौँ।**
जल तथा मौसम विज्ञान विभागले भोलि बुधबार देशका विभिन्न ठाउँमा चट्याङ, हावाहुरी, असिनासहित वर्षा र हिमपात हुने भन्दै सावधानी अपनाउन अनुरोध गरेको छ।

विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेले एक–दुई ठाउँमा भारी वर्षा वा हिमपात हुने सम्भावना पनि रहेको जानकारी दिए । उनले हाल नेपालमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभाव रहेको तथा भोलिदेखि थप बढ्ने भएकाले मौसमको अवस्थाअनुसार सावधानी अपनाएर काम कारबाही गर्न अनुरोध गरेका छन्।

यसको असर पश्चिम नेपालमा बढी रहेको र ती क्षेत्रमा भने बिहानैबाट असर गर्ने बताए । उनका अनुसार दिउँसो त्यसको असर काठमाडौँमा पनि आइपुग्ने छ।

विभागले मंगलबार साँझ जारी गरेको बुलेटिनअनुसार बुधबार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पूर्णतया बादल लाग्ने तथा बाँकी भूभागमा साधारणतया बादल लाग्ने जनाइएको छ।

गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा कोशी र बागमती प्रदेशको पहाडी र हिमाली भू–भागका केही स्थानहरुमा, मधेश प्रदेशलगायत कोशी र बागमती प्रदेशको तराई भू–भागका थोरै स्थानहरूमा मेघगर्जन–चट्याङ, हावाहुरी र असिनासहित मध्यम वर्षा–हिमपातको सम्भावना रहेको विभागले जनाएको छ।

यता गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भू–भागको एक–दुई स्थानमा भारी वर्षा–हिमपातको सम्भावना रहेको पनि मौसमविद् लामिछानेले बताए।

मधेश, लुम्बिनी, गण्डकी, बागमती र कोशी प्रदेशको पहाडी र तराई भू–भागमा केही स्थानहरुमा हावाहुरीको पनि सम्भावना रहेको उनले बताउनुभएको छ । बिहीबार पनि बदली कायम रहने छ। रासस

# गुरुङ समुदायमा ट्होटेँको उल्लास

**गण्डकी।**
गण्डक क्षेत्रका गुरुङ समुदायले आफ्नो पुस्तैनी पर्व ट्होटेँलाई आज उल्लासपूर्वक मनाइरहेका छन् । बर्सेनि चैत र साउनको अन्तिम मङ्गलबार गुरुङ बाहुल्य बस्तीमा ट्होटेँ पर्वको रौनक छाउने गर्छ । परापूर्व कालमा तमु राज्य जोगाउन बैरीलाई सीमा कटाएको सम्झनास्वरूप यस पर्वको सुरुआत भएको मानिन्छ।

गुरुङ सभ्यता, संस्कृति र पहिचानसँग जोडिएको यस पर्व १५ सय वर्षदेखि अस्तित्वमा रहेको गुरुङ जातिको इतिहासमा उल्लेख छ । आदिमकालमा गुरुङहरू गुफा, गोठ हुँदै बस्ती विकासको सभ्यतामा आएपछि यो पर्वको परम्परा सुरु भएको तमु धिँ नेपालका केन्द्रीय सदस्य एवं भाषा तथा संस्कृति विभागका प्रमुख कृष्णकुमार गुरुङले बताए।

बस्ती विकास हुँदै तमु राज्य स्थापनाको बेलामा आइपुग्दा ट्होटेँ पर्वले थप व्यापकता पाउँदै गएको उनको भनाइ छ । गुरुङ जातिका पूर्वजहरूले आफ्नो बस्ती र राज्यमा दुःख दिने शत्रुवैरीलाई धपाउनका लागि तन्त्रमन्त्र गरी यो पर्व मनाउन सुरु गरेका थिए।

तम धिँ नेपालका केन्द्रीय सदस्य श्रीजङ्ग गुरुङले परापूर्व कालमा भूतप्रेत र शत्रुवैरीलाई धपाउन यस पर्वको सुरुआत भए पनि पछिल्लो समय देशमा रहेको बेथिति, बिसङ्गको अन्त्य होस्, मानज जातिको कल्याण होस् भन्ने कामना गरी मनाउने गरिएको बताए। मङ्गलबार गुरुङ जातिको पहिचान झल्काउने सांस्कृतिक झाँकीसहित पोखरामा रहेका गुरुङ समुदायले पनि यस पर्वलाई हर्षबढाइँका साथ मनाएको उनको भनाइ छ। तमु धिँ नेपालका अध्यक्ष हुम गुरुङका अनुसार गुरुङ भाषामा ट्हो भनेको राज्य वा गाउँबस्ती र टेँ भनेको राज्यलाई दुःख दिने शत्रुबैरीलाई सीमा नघाएर राज्य सुरक्षित गरेको अर्थमा लिने गरिएको छ।

'कबिला कालदेखि नै तमु (गुरुङ)का स–साना राज्य रहेको र त्यहाँबाट बैरी धपाउन पितापूर्खाहरूले ट्होटेँ पर्वको प्रचलन बसेको मान्यता गुरुङ समुदायमा छ,' उनले भने। धमु धिँ नेपालको अगुवाईमा यस पर्वलाई विसं २०५२ देखि व्यवस्थित रूपमा मनाउन थालिएको अध्यक्ष गुरुङले बताए । ट्होटेँमा प्रकृति पूजा गर्ने चलन रहेको छ।

यस पर्वमा गुरुङहरू आफ्ना परम्परागत बाजागाजासहित जातिय पहिरनमा सजिएर झाँकीमा सहभागी हुने गर्छन्। ट्होटेँमा घाटु, सोरठी, चुट्का, कृष्ण चरित्रलगायत मौलिक संस्कृति प्रर्दशन गरिन्छ। यस पर्वमा गुरुङ जातिले प्रयोग गर्ने पुराना हातहतियार, पोशाक, बाजा, झ्याली, चोपडी, सुलाची, चिम्टालगायत सामग्री पनि प्रदर्शन गर्ने गरिएको छ । मौलिक वेशभुषामा सजिएर गुरुङहरू झाँकीमा सहभागी हुने गर्छन् । झाँकीमा युवादेखि बयस्कसम्मको सहभागिता रहने गर्छ।

यस पर्वका दिन राति समूहमा बाजागाजा बजाउँदै गाउँ डुल्दा राक्षस र भूतप्रेत भाग्छन् भन्ने किम्बदन्ती छ । ट्होटेँमा आफ्ना पितृको स्मरण सँगसँगै प्रकृतिको पूजाआजा गर्ने चलन रहेको छ । गुरुङ राज्य र गाउँबस्तीमा कसैले आक्रमण नगरोस्, दुःख नदेओस् भनेर परापूर्वकालदेखि ट्होटेँ पर्व मनाउन सुरु गरिएको अध्यक्ष गुरुङले बताए।

यो पर्व मनाउनाले गाउँलेको भलो हुने खेतीबाले सप्रने, रोगव्याधि हट्ने र प्राकृतिक विपत्ति नआउने जनविश्वास रहेको छ। पोखरासहित यस क्षेत्रका १ सय ४८ गुरुङ गाउँ र समाजघरमा ट्होटेँ पर्व मनाइएको हो । गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट पोखरा झरेका गुरुङहरूले ट्होटेँ पर्वलाई संरक्षण गरेका छन्। चैतमा उभौली र साउन उधौलीका रूपमा यो पर्वलाई मनाउने गरिन्छ । ट्होटेँले सामाजिक एकता र भातृत्वको सन्देश दिने गरेको गुरुङ अगुवा बताउँछन् । ट्होटेँ पर्वले तुम समुदायलाई आफ्नो इतिहासको पनि स्मरण गराउने गरेको उनीहरूको भनाइ छ। विसं २०४२ मा तमु धिँ नेपाल गठन भएपछि पोखरामा गुरुङ संस्कृति र संस्कारको जगेर्नामा यो समुदाय जागरुक बनेको हो । ट्होटेँका अवसरमा मङ्गलबार कास्कीको अन्नपूर्ण, मादी गाउँपालिका, स्याङ्जाको फेदीखोला गाउँपालिकालगायत स्थानीय तहले सार्वजनिक बिदासमेत दिएका छन् । मौलिक सांस्कृतिक पर्वका रूपमा रहेको ट्होटेँलाई कास्की, पर्वत, तनहुँ, स्याङ्जालगायत देशभरका गुरुङ समुदायले हर्षोल्लासपूर्वक मनाउने गर्छन्। रासस

# गृहमन्त्री गुरुङद्वारा क्षतिग्रस्त बिपी राजमार्गको अवलोकन

**–राजकुमार पराजुली/रासस**
**काभ्रे।**
गृहमन्त्री सुधन गुरुङले गत सालको क्षतिग्रस्त बिपी राजमार्गको क्षतिग्रस्त काभ्रेपलाञ्चोकको रोशी क्षेत्रको मंगलबार अनुगमन–निरीक्षण गरेका छन् । उनले राजमार्गको क्षति र आउने सम्भावित विपत्तिबारे सरोकारवालासँग स्थलगत छलफल गरेका हुन्।

क्षतिग्रस्त राजमार्गको अनुगमनका क्रममा गृहमन्त्री गुरुङले अब हुने सम्भावित विपत्तिबारे चासो दिँदै यसअघि कस्ता खालका विपत् भए, कस्तो व्यवस्थापन गरियो, त्यस अनुसारको पूर्वतयारी गर्नुपर्नेबारे सुरक्षा प्रमुखलाई रणनीतिक तयारी अवस्थामा रहन निर्देशन दिए।

'यसअघि कस्तो खालको विपत्ति भयो, त्यसलाई मध्यनजर गर्दै रेस्क्यू गर्ने तयारीबारे हामी सचेत रहनुपर्दछ, खोलामा डुबे गोताखोर तथा अन्य अवस्थाका लागि एम्बुलेन्स हैन, जाम हुनसक्छ, समय महत्त्वपूर्ण हो, अब हामीले हेलीबाट रेस्क्यू गर्नुपर्दछ, जियो–लोकेसन गरी त्यसबारे व्यवस्थापन गर्दै रेस्क्यू गर्ने हो, त्यसका लागि त्रिभुवन विमानस्थलमा केन्द्रीय विपद् व्यवस्थापनबाट एयरपोर्टमा जुन टोली चाहिने हो, त्यही परिचालन गर्नेछौँ, जे आवश्यक हो सोहीअनुसार तयारी गर्नेछौँ,' उनले भने।

गृहमन्त्री गुरुङले सोहीअनुसार तयारी गर्न केन्द्रीय सुरक्षाकर्मी तथा जिल्लास्थित सुरक्षाकर्मीलाई निर्देशन दिए। अनुगमनका क्रममा गुरुङले डिभिजन सडक कार्यालय भक्तपुरका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेश, नमोबुद्ध नगरपालिका प्रमुख कुन्साङ लामा र रोशी गाउँपालिका अध्यक्ष दिनेश लामालगायत सरोकारवाला स्थानीय तहका प्रमुखसँग क्षतिग्रस्त राजमार्गबारे जानकारी लिएका थिए।

योगेशले स्थायी निर्माणमा तीव्रता दिइएको तर हालको अवस्थामा पटकपटक भइरहेको वर्षाका कारण केही रोकिएको जानकारी गराए । यस्तै, योगेशले यसअघि अस्थायी रूपमा निर्माण गरिएको डाइभर्सन बगाउँदा पुनःनिर्माण गरी यातायातका साधनलाई पुनः सञ्चालन ग्रिएको जानकारी गराउँदै आगामी वर्षअघि पुरानै सडक लेनमा अस्थायी रूपमा भए पनि यातायात सञ्चालन गर्नेगरी 'इक्युपमेन्ट' थपेर निर्माण कार्यलाई तीव्रता दिइएको गृहमन्त्री गुरुङलाई जानकारी गराए।

नेपालको पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्ने छोटो दूरीका रूपमा रहेको राजमार्गको क्षतिग्रस्त सडकखण्डको तीन स्थानबाट थालिएको स्थायी पुनःनिर्माण कार्यलाई तीव्रता दिइएको कार्यालयले जनाएको छ । राजमार्गको जोखिमयुक्त स्थानमा आउँदो वर्षअघि नै पूर्वाधार निर्माण सक्ने र राजमार्गबाट नै यातायातका साधन सञ्चालन गर्नेगरी निर्माणलाई तीव्रता दिइएको योगेशले बताए।

उनका अनुसार राजमार्गमा भइरहेको काम हेर्दा दुई वर्षभित्र सडक पुनःनिर्माणको काम सकिनेछ । हालसम्म काभ्रेपलाञ्चोकतर्फ ठेक्का लागेको तीन वटा सडक खण्डमा कुल २५ प्रतिशत काम भएको योगेशको भनाइ छ।

विशेषगरी २०८१ असोजमा आएको बाढीपहिरो तथा यस वर्षको वर्षामा थप क्षति पुगेपछि गत मङ्सिरदेखि प्रक्रिया पुर्याएर स्थायी पुनःनिर्माण थालिएको हो । क्षतिग्रस्त चार खण्डमध्ये बाँकी एक खण्ड जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले पुनर्निर्माण गर्ने बर्खे खोलादेखि पिप्लेसम्मको ३ दशमलव २ किलोमिटर सडक निर्माणको काम यसै महिनाभित्र ठेक्का सम्झौता हुने योगेशले जानकारी दिए।

क्षति पुर्याएको विभिन्न स्थानमा 'आरसिसी' पर्खाल लगाउने काम भइरहेको छ भने चौकीडाँडामा खोलाबाट प्लम्प पर्खाल लगाउन तथा चारसयबेँसी र भकुण्डेबेँसीमा पनि 'आरसिसी' पर्खाल लगाउन सुरु गरिएको छ।

यस्तै डालाबेँसी, मङ्गलटार खण्ड, चारसयबेँसीदेखि नार्के खण्डमा सडक चौडा बनाउने काम भइरहेको योगेशले बताए। उनका अनुसार गत वर्ष र यस वर्षको बाढीले 'वासआउट' (सडक पूर्ण क्षति) भएको स्थानमा बाढीले क्षति नगर्ने संरचना निर्माणको डिजाइन गरिएको छ।



राजमार्गको काभ्रेपलाञ्चोक र सिन्धुलीको क्षतिग्रस्त खण्डको आगामी दुई वर्षभित्र पुनर्निर्माणको काम सक्ने लक्ष्य राखिएको छ। यस वर्ष क्षतिग्रस्त स्थानमा संरचना निर्माण गर्ने, सडक चौडा गर्नेलगायतको काम सम्पन्न गर्ने र आगामी वर्ष बाँकी रहेका केही स्थानमा संरचना बनाई कालोपत्र गरी कामलाई तीव्रता दिइएको योगेशले बताए । बाढीपहिराले राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुली खण्डको करिब ३० किलोमिटर सडकमा क्षति पुर्याएको थियो।

अबको पुनर्निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो। 'पुनर्निर्माण हुने सडक खण्डमा दुई लेनको सडक बन्नेछ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाई दुई लेनको निर्माण गरिनेछ,' योगेशले भने । उनका अनुसार पाँच वटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ।

डालाबेँसीदेखि चारसयबेँसीसम्म ८ दशमलव ५ किमी सडक पुनर्निर्माणका लागि खानी–एवन–कमलजीत जेभीले एक अर्ब ४२ करोड ३७ लाख रुपैयाँ (भ्याटसहित)मा निर्माण गर्ने गरी ठेक्का पाएको कार्यालयले जनायो।

यस्तै चारसयबेँसीदेखि भकुन्डेबेँसीसम्मको ११ दशमलव ०८ किमी सडक पुनर्निर्माणका लागि लामा–नवकान्तिपुर जेभीलाई एक अर्ब ३३ करोड ५३ लाख रुपैयाँमा ठेक्का दिइएको हो। नेपालथोकदेखि बर्खेखोलासम्म ४ दशमलव ९० किमी सडक पुनर्निर्माणका लागि ६१ करोड रुपैयाँ (भ्याटसहित)मा निर्माण गर्ने गरी खरिढुङ्गा–घिसिङ–क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको जनाइएको छ।

क्षतिग्रस्त कुल २९ दशमलव ५ किमी सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३ दशमलव २ किमी सडकलाई जाइकाले दुई अर्ब ६३ करोड रुपैयाँ बराबरको अनुदान उपलब्ध गराउने समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ। कार्यालयले जाइकाले निर्माण गर्ने सडक खण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघि नै ठेक्का लगाइसकेको थियो।

क्षतिग्रस्त खण्ड पुनर्निर्माणका लागि सरकारले आठ अर्ब ५० करोड रुपैयाँ स्रोत सहमति दिएको हो। जसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई सात अर्ब ५० करोड रुपैयाँ र सिन्धुलीको एक सडकखण्डलाई एक अर्ब रुपैयाँको स्रोत सहमति दिइएको हो।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३–५४ बाट बिपी राजमार्ग (धुलिखेल–सिन्धुली–बर्दिबास १६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको विसं २०७२ असार १८ गते औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । उक्त राजमार्ग केन्द्रीय राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ।

यसअघि गुरुङले अरनिको रामार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको १८ किलोमिटर सडक खण्डमा पर्ने भैँसेपाटीमा पुल तथा बनेपास्थित पुलबजारको पुन्यमाता खोलामा निर्माण सुरु गरिएको पुलको निरीक्षण गरी कामलाई तीव्रता दिन आग्रह गरेका छन्।

## नेपाल टेलिकमको सेवामा सुधारः

# डाटा सकिँदा स्वतः पैसा नकाटिने




**काठमाडौँ।**
नेपालको दूरसञ्चार क्षेत्रमा सेवा गुणस्तरबारे लामो समयदेखि उठ्दै आएका गुनासाहरूका बीच नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) मा सुधारका प्रयास थालिएका छन्। सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाको निर्देशनपछि कम्पनीले सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठोस कदम अघि बढाएको हो । विशेषगरी ग्राहक सेवा, मोबाइल डेटा व्यवस्थापन, डिजिटल सेवा विस्तार र प्रशासनिक प्रक्रियामा सुधार ल्याउने उद्देश्यले व्यापक रूपान्तरण प्रक्रिया अघि बढाइएको छ।

सञ्चार मन्त्रालयले 'नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली' लागू गर्ने उद्देश्यसहित १० बुँदे सुधारात्मक कार्ययोजना ल्याएको छ । यस योजनामा नेपाल टेलिकमको सेवा सुधारलाई पनि प्राथमिकतामा राखिएको छ । यसअन्तर्गत ग्राहक सेवालाई सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्य लिइएको छ । विगतमा सेवा अवरोध, ढिलो प्रतिक्रिया, अनावश्यक प्रक्रियागत झन्झट र ग्राहकको गुनासो समाधानमा ढिलाइजस्ता समस्या बारम्बार उठ्दै आएका थिए । यिनै समस्यालाई सम्बोधन गर्न अहिले मन्त्रालय र कम्पनी दुवैले समन्वयात्मक ढंगले काम गरिरहेका छन्।

नेपाल टेलिकमका प्रयोगकर्ताहरूले लामो समयदेखि डाटा प्याकेज सकिएपछि स्वतः मुख्य ब्यालेन्सबाट रकम काटिने समस्याबारे गुनासो गर्दै आएका थिए । अब यो प्रणाली अन्त्य गरिएको छ । यसको सट्टा ग्राहकले थप पारदर्शी र आफैँ छान्न सक्ने विकल्पसहितको सेवा पाउनेछन् । अब ग्राहकले लिएको डाटा प्याकेजको ९० प्रतिशत खपत भएपछि पूर्वसूचना दिइनेछ। जसले बाँकी डाटा कति छ भन्ने जानकारी समयमै दिन्छ । यससँगै 'पे–एज–यू–गो' (पिएवाईजी) अर्थात् डाटा प्याकेजबिनै इन्टरनेट चलाउने र रकम काट्ने विकल्प उपलब्ध गराइएको छ । जसले ग्राहकलाई प्याकेजबिना पनि आवश्यकताअनुसार इन्टरनेट प्रयोग गर्नसक्ने सुविधा दिन्छ । साथै, ग्राहकले नयाँ प्याकेज लिने वा सिधै पिएवाइजी मोडमा जाने भन्ने निर्णय आफैँ गर्न सक्नेछन्।

नेपाल टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरका अनुसार यो प्रणाली हाल परीक्षण चरणमा रहेको र केही दिनभित्रै पूर्ण रूपमा लागू हुनेछ । उनका अनुसार 'युएसएसडि'मार्फत खरिद गरिने डाटा प्याकमा यो सुविधा तीनदेखि पाँच दिनभित्र लागू हुनेछ भने नेपाल टेलिकमको मोबाइल एप प्रयोग गर्ने ग्राहकका लागि सातदेखि १० दिनभित्र कार्यान्वयनमा आउनेछ । यसले डिजिटल माध्यममार्फत सेवा प्रयोग गर्ने ग्राहकहरूलाई अझ सहज अनुभव दिने विश्वास लिइएको छ।

नेपाल टेलिकमका ग्राहक सेवा प्रक्रियालाई सरल र प्रभावकारी बनाउन 'वन टाइम केवाइसी' प्रणाली लागू गर्न पनि सञ्चारमन्त्री तिमिल्सिनाले निर्देशन दिनुभएको छ । यसबाट ग्राहकले एकपटक मात्र आफ्नो विवरण बुझाएपछि भविष्यमा फेरि त्यही विवरण पेस गर्नुपर्ने झन्झट अन्त्य हुने जनाइएको छ।

अहिले सिम कार्ड लिन, नवीकरण गर्न वा अन्य सेवा लिन जाँदा बारम्बार कागजात पेस गर्नुपर्ने समस्या थियो । जसले ग्राहकलाई हैरानी दिँदै आएको थियो। नयाँ प्रणाली लागू भएपछि सेवा प्राप्ति प्रक्रिया छिटो, सरल र झन्झटरहित हुने अपेक्षा गरिएको छ । यो प्रणाली आगामी ३० दिनभित्र कार्यान्वयनमा ल्याइसक्ने लक्ष्य राखिएको छ।

डिजिटल रूपान्तरणलाई प्राथमिकतामा राख्दै नेपाल टेलिकमले आफ्ना विभिन्न सेवाहरू पूर्ण रूपमा अनलाइन माध्यमबाट उपलब्ध गराउने तयारी पनि तीव्र बनाएको छ । ई–सिम वितरण, गुनासो व्यवस्थापन, हराएको सिम पुनःप्राप्ति तथा सिम स्वामित्व हस्तान्तरणजस्ता सेवाहरू अब घरमै बसेर अनलाइन माध्यमबाट लिन सकिनेछ। यसले विशेषगरी दुर्गम क्षेत्रका ग्राहकलाई ठूलो राहत दिने अपेक्षा गरिएको छ । साथै कार्यालयमा हुने भीड घटाउने र सेवा वितरणलाई थप व्यवस्थित बनाउने ठानिएको छ।

ग्राहक सेवा सुधारकै अर्को महत्वपूर्ण पक्षका रूपमा 'एकल विन्दु सेवा' सहायता कक्ष स्थापना गर्ने योजना अघि सारिएको छ । मन्त्रालयको कार्ययोजनाअनुसार नेपाल टेलिकमका सबै कार्यालयमा यस्तो सहायता कक्ष स्थापना गरिनेछ र ग्राहकले एकै ठाउँबाट आफ्ना सबै समस्याको समाधान पाउनेछन् । यसले विभिन्न काउन्टर धाउनुपर्ने बाध्यता अन्त्य गर्ने र सेवा प्राप्तिको समय घटाउने अपेक्षा गरिएको छ।

यससँगै, फोरजी मोबाइल नेटवर्क सेवाको गुणस्तर सुधार गर्ने काम पनि भइरहेको छ। हाल देशका विभिन्न स्थानमा फोरजी सेवा कमजोर रहेको गुनासो व्यापक रूपमा उठ्दै आएको छ । यस समस्यालाई समाधान गर्न नीतिगत व्यवस्था परिमार्जन गर्ने र थप फ्रिक्वेन्सी उपलब्ध गराउने तयारी भइरहेको मन्त्रालयले जनाएको छ । आगामी ३० दिनभित्र आवश्यक नीतिगत सुधार सम्पन्न गरी सेवा गुणस्तरमा सुधार ल्याउने लक्ष्य राखिएको छ। रासस

# चितवनका किसान माहुरी चराउन महोत्तरीको वनमा

**महोत्तरी ।**
पूर्वपश्चिम राजमार्ग दायाँबायाँ महोत्तरीका वन क्षेत्रमा हाल चितवनका किसान माहुरी चराउन व्यस्त छन् । वसन्त ऋतुका बेला वन क्षेत्रका 'इक्युलिप्टिस' (मसला) का रूखमा ढकमक्क फूल खिलेको बेला पारेर चितवनका किसान यहाँ माहुरी चराउन आइपुगेका हुन् ।



यसपालि यहाँ ठूलो हुरीबतास र असिना नपर्दा माहुरीलाई अनुकूल मौसम भएको माहुरीपालक किसानको भनाइ छ । 'यहाँका वनमा फागुनको सुरुआतदेखि नै वनस्पतिमा राम्ररी फूल फुलेका छन्, त्यसैले माहुरी चराउन यहाँ आएका हौँ,' चितवन खैरहनी–४ का ४५ वर्षीय सुरेश बस्नेत भन्छन् ।
उनले यसपालि फागुन पहिलो साता महोत्तरीका वनमा राखेका दुई ८४ घार माहुरीबाट हालसम्म २० क्विन्टल मह उत्पादन भएको जानकारी दिए । 'अझै छ–सात क्विन्टल उत्पादन हुन्छ होला । यसपालि हालसम्म महबाट रु १० लाख जति आम्दानी लिइयो ।
यहाँका वनका वनस्पतिका फूलमा प्रशस्त रस हुँदा राम्रो मह उत्पादन भएको हो,' बस्नेतले भने ।
चितवन कालिका–७ का अशोक बस्नेतले यहाँका विभिन्न क्षेत्रमा एक सय २५ घार माहुरी राखेका छन् । उनले फागुन पहिलो सातायता हालसम्म आठ क्विन्टल मह उत्पादन भएको बताए ।
यस्तै, खैरहनी–८ का ३५ वर्षीय युवराज कार्कीले एक सय तीन घार माहुरीबाट सात क्विन्टल मह उत्पादन गरिसकेको बताए ।
सबैभन्दा पाका ७७ वर्षीय अशोक बस्नेतको प्रेरणाले आफूहरू माहुरीमा रमेको बस्नेत र कार्कीको भनाइ छ । 'म कमाउन भनेर सउदीअरेबिया पनि गएँ, भनेजस्तो काम नपाएर फर्केपछि यहीँ माहुरीपालनमा लागेँ,' सुरेशले भने, 'यसै व्यवसायबाट केही गर्न सकिन्छ भन्ने विश्वास पलाएको छ । पछिल्ला तीन–चार वर्षयता राम्रै कमाइ भइरहेको छ ।'
मामा अशोकको प्रेरणाले आफू माहुरीपालनमा लागेको र अब यही व्यवसायबाट सन्तुष्टि मिलेको कार्कीको भनाइ छ ।
उद्यम सञ्चालन गर्न चितवनका कृषिसम्बद्ध सरकारी कार्यालय र स्थानीय तहले अनुदान दिएकाले व्यवसाय सञ्चालनका लागि आफूहरूलाई सहयोग पुगेको मौरीपालक किसानले बताउने गरेका छन्, तर कुकाठबाट बन्ने घारमा बढी रकम काटिँदा अनुदान रकमको ठूलो हिस्सा त्यसैमा जाने गरेको धेरैजसोको भनाइ छ ।
'कृषि कार्यालयले यस्ता घार अनुदान रकमबाट कट्टा हुनेगरी उपलब्ध गराउँछन्, यसको मूल्य प्रतिघार तीन हजार ५ सय रुपैयाँ काटिन्छ,' सुरेश भन्छन्, 'सरकारले हामीलाई कुकाठ उपलब्ध गराए हामी आफैँ कम लागतमा घार बनाउँथ्यौँ । यो व्यवस्था हुन नसक्दा अनुदान रकमको ठूलो हिस्सा घारमै जाने गरेको छ ।'
महोत्तरी माहुरीका लागि राम्रो चरणको क्षेत्र भए पनि यही जिल्लाका किसान भने यसतर्फ आकर्षित हुनसकेका छैनन् । रासस

# नेपाल रेल्वे निरन्तर घाटामा, खर्च उच्च



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालको एकमात्र रेल सेवा यात्रुका लागि उपयोगी र सहज बन्दै गए पनि आर्थिक र व्यवस्थापकीय दृष्टिले गम्भीर संकटतर्फ धकेलिँदै गएको देखिएको छ। आयभन्दा अत्यधिक खर्च, जनशक्ति अभाव, प्रशासनिक ढिलासुस्ती र संरचनागत कमजोरीका कारण नेपाल रेल्वे कम्पनी निरन्तर घाटामा सञ्चालन भइरहेको छ।
हाल भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म रेल सेवा सञ्चालनमा छ। दैनिक तीन पटक सञ्चालन हुने यो सेवा स्थानीय बासिन्दाका लागि भरपर्दो यातायातको माध्यम बनेको छ । छोटो समयमै गन्तव्य पुग्न सकिने भएकाले सर्वसाधारणको आकर्षण बढ्दो छ।
इनर्वाका स्थानीय रामसुरत मण्डलका अनुसार रेल सेवाले दैनिक जीवन सहज बनाएको छ । मोटरसाइकलमा करिब एक घण्टा लाग्ने दूरी रेलबाट १५ मिनेटमै पार गर्न सकिने भएकाले समय र खर्च दुवै बचत भएको उनको अनुभव छ ।
इतिहास हेर्दा, विसं १९९४ मा सुरु भएको पुरानो न्यारो गेज रेल सेवा २०७० सालमा ब्रोड गेज विस्तारका लागि बन्द गरिएको थियो । त्यसपछि जयनगर–कुर्था खण्डमा ३८ किलोमिटर ब्रोड गेज निर्माण सम्पन्न भई २०७८ चैतदेखि पुनः सञ्चालनमा आएको हो। हाल यो सेवा विस्तार भई ५२ किलोमिटर क्षेत्रमा पुगेको छ।
यात्री सेवा प्रभावकारी भए पनि कम्पनीको वित्तीय अवस्था भने कमजोर छ । आर्थिक वर्ष २०७६–७७ देखि २०८०–८१ सम्म पाँच वर्षमा कम्पनीले १९ करोड २१ लाख रुपैयाँ आम्दानी गर्दा ६७ करोड ३७ लाख रुपैयाँ खर्च गरेको छ । यस अवधिमा ४८ करोडभन्दा बढी घाटा व्यहोर्नुपरेको छ, जुन आम्दानीको झन्डै तेब्बर हो।
हाल मासिक करिब ७५ लाख रुपैयाँ आम्दानी हुने गरेको कम्पनीको खर्च भने १ करोड २९ लाख रुपैयाँसम्म पुग्ने गरेको छ। टिकट बिक्री, जग्गा तथा सटर भाडा जस्ता स्रोतबाट प्राप्त आयले खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा ऋण लिन बाध्य भएको छ। २०८१ असारसम्म कुल ऋण ७९ करोड रुपैयाँ नाघिसकेको छ।
उच्च खर्चको प्रमुख कारणमध्ये भारतीय प्राविधिक कर्मचारीमा निर्भरता रहेको छ । हाल १७ जना भारतीय कर्मचारी कार्यरत छन्, जसका लागि मासिक ठूलो रकम खर्च हुने गरेको छ।
सरसफाइ र मर्मतका लागि विदेशी कम्पनीलाई मात्रै करिब १ करोड १२ लाख रुपैयाँ मासिक तिर्नुपरेको छ, जबकि नेपाली कर्मचारीको तलब खर्च तुलनात्मक रूपमा निकै कम छ।
स्थायी जनशक्ति अभाव, प्राविधिक दक्षताको कमी, आवश्यक पूर्वाधार नहुनु र इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले सञ्चालन खर्च अझै बढाएको छ। त्यसमाथि लामो समयदेखि महाप्रबन्धकविहीन अवस्थाले निर्णय प्रक्रियामा ढिलाइ भइरहेको गुनासो पनि छ।
रेल सेवाको दीर्घकालीन सुधारका लागि कम्पनीले वैकल्पिक आयस्रोत खोज्ने प्रयास थालेको छ। रक्सौलस्थित जग्गा भाडामा दिँदा वार्षिक उल्लेख्य आम्दानी हुने सम्भावना देखिएको छ भने पुराना रेल सामग्री प्रयोग गरी म्युजियम स्थापना गर्ने योजना पनि अघि सारिएको छ।
सरोकारवालाहरूका अनुसार यात्रु सेवामात्र पर्याप्त नहुने भएकाले मालसामान ढुवानी, पर्यटन प्रवद्र्धन र अन्य व्यावसायिक गतिविधि विस्तार गर्न आवश्यक छ। समयमै सुधारका कदम चाल्न सके रेल सेवा आत्मनिर्भर बन्न सक्ने भए पनि हालको अवस्थाले भविष्यप्रति चिन्ता बढाएको छ।

# मधेशका विभिन्न कार्यालयबाट ३४ बिचौलिया पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका विभिन्न सरकारी कार्यालय क्षेत्रमा सक्रिय बिचौलियामाथि प्रहरीले कडाइ गर्दै ३४ जनालाई पक्राउ गरेको छ ।
गृहमन्त्रालयको निर्देशनपछि सञ्चालन गरिएको विशेष अभियानअन्तर्गत मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, अदालत, बसपार्क तथा ट्रायल सेन्टरहरूबाट उनीहरूलाई नियन्त्रणमा लिइएको हो । प्रदेश प्रहरी कार्यालयका अनुसार सेवाग्राहीलाई दुःख दिँदै अनियमित गतिविधिमा संलग्न रहेको आशंकामा उनीहरूलाई पक्राउ गरिएको हो ।
मधेश प्रदेश प्रहरी प्रमुख गोबिन्द थपलिया का अनुसार सर्लाहीबाट सबैभन्दा बढी ९ जना पक्राउ परेका छन्, जसमा मालपोत कार्यालयबाट ७ र ट्रायल सेन्टरबाट २ जना रहेका छन् । पर्साको वीरगञ्जस्थित नारायणी यातायात व्यवस्था कार्यालयबाट ४ र मालपोत कार्यालयबाट ३ गरी ७ जना नियन्त्रणमा लिइएको छ ।
त्यसैगरी रौतहटका मालपोत, अदालत र बसपार्क क्षेत्रबाट ६ जना, सप्तरीबाट ११ जना र सिरहाबाट १ जना पक्राउ परेका छन् । पक्राउ परेकामाथि आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# आँपको दाना लाग्ने बेलामा मधुवा रोगको प्रकोप

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका प्रमुख फलको रुपमा रहेको आँप फल्ने बेलामा मधुवा रोग लागेका कारण उत्पादनमा कमी आउने भएको छ ।
यसपटक अत्यधिक मात्रामा आँपको बोटमा फूल लागेपछि आँपको उत्पादन दुई गुणाले बढ्ने प्रारम्भिक प्रक्षेपण गरिएको भए पनि दाना आउने बेलामा मधुवा रोग लागेका कारणले आँप थोरै मात्रा फलेको हो ।
मधेश प्रदेशका कृषि विकास निर्देशनालयका अनुसार मधेश प्रदेशभरिमा ३४ हजार १ सय १६ हेक्टर क्षेत्रफलमा आँप खेती भए पनि आँप उत्पादन हुने क्षेत्रफल २९ हजार ९९ हेक्टर रहेको छ । यस पटक आँपमा लागेमा मधुवा रोग लागेका कारणले आँपको फूल तथा फल लाग्ने मज्जर नै सुकेको छ ।
मधुवा रोग लागेपछि आँपको बोटबाट मध जस्तो चुहिएर आँपको फल्न लाग्न नदिने अवस्थाका कारणले यस वर्ष अपेक्षा अनुसारको आँप नफल्ने किसानहरुले जनाएका छन् ।
मधेश प्रदेशका जिल्लाहरूमा गत वर्ष ३ लाख ९५ हजार ७ सय ९४ मेट्रिक टन आँपको उत्पादन भएको कृषि विकास निर्देशनालयका बाली संरक्षण अधिकृत सन्दीप ठाकुरले जानकारी दिए । मधेश प्रदेशका जिल्लाहरूमा आँपको उत्पादन प्रति हेक्टर १३.६० मेट्रिक टन हुने गरेको मधेश प्रदेशका कृषि विकास निर्देशनालयले जनाएको छ । आँप फुल्ने बेलामा औषधि नछर्किनका लागि कृषि ज्ञान केन्द्र धनुषाले किसानहरूका लागि सूचना सहितको जानकारी दिए पनि केही किसानले औषधि छर्केका कारणले मधुवा रोगको प्रकोप आँपमा लाग्नबाट जोगाएको भएपनि धेरै किसानको आँप मधुवा रोगका कारण समाप्त भएको छ ।
मधेश प्रदेशका जिल्लाहरूमा अत्यधिक मात्रामा मालदह, मुम्बई, आम्रपाली, किसुनभोग, जर्दा, कलकत्तिया सहितका जातिका आँप अत्यधिक मात्रामा उत्पादन हुने गर्दछन् ।

# लेखापढी व्यवसायीको आन्दोलन जारी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन, पर्साले सोमबारदेखि सुरु गरेको आन्दोलन जारी छ । लेखापढी व्यवसायीलाई विनाकारण बिचौलिया भन्दै पक्राउ गरिएको विरुद्ध 'पेन डाउन' गरी लेखापढी व्यवासायीले आन्दोलन घोषणा गरेका हुन् ।
एसोसिएसनले सोमबार बिहान ९ बजेदेखि अर्को निर्णय नभएसम्मका लागि पेन डाउन आन्दोलन गर्ने निर्णय गरेको हो ।
निर्णय अनुसार लेखापढी व्यवासायी आन्दोलित भएपछि कार्यालयमा पुगेका सर्वसाधारणको सेवा अवरुद्ध भएको छ ।
लेखापढी व्यवसायीलाई विभिन्न कार्यालय परिसर तथा बाहिरबाट समेत पक्राउ गरिएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको एसोसियएसनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । नेपाल सरकारको नियमअनुसार भूसेवा केन्द्र सञ्चालनको अनुमति लिएर धरौटी बुझाइ सेवा सञ्चालन गर्दै आएका व्यवसायीलाई पनि विभिन्न बहाना बनाई पक्राउ गरिएको भन्दै लेखापढी व्यवासायीले विरोध जनाएका हुन् । पेनडाउन आन्दोलनलाई सरकारले बेवास्ता गरे चरणबद्ध रुपमा कडा आन्दोलनमा जान बाध्य हुने संघले चेतावनी दिएको छ ।

# मिथिला नगरपालिकामा छड्के अनुगमन, कयौँ कर्मचारी अनुपस्थित




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको मिथिला नगरपालिकाका विभिन्न सरकारी कार्यालयहरूमा गरिएको आकस्मिक अनुगमनले सेवा प्रवाहको अवस्था कमजोर रहेको संकेत गरेको छ ।
मंगलबार बिहान नगर प्रमुख महेन्द्र महतोको नेतृत्वमा खटिएको टोलीले नगरपालिकाको मुख्य कार्यालय, ढल्केवर स्वास्थ्य चौकी, वडा नं.–२ र ६ का कार्यालय तथा नक्टाझिज स्वास्थ्य चौकीको निरीक्षण गरेको थियो ।
बिहान करिब ९:१० बजेदेखि १० बजेसम्म गरिएको अनुगमनका क्रममा विशेषगरी स्वास्थ्य संस्थाहरूको अवस्था सन्तोषजनक नरहेको पाइएको छ । नगर प्रमुख महतोका अनुसार नक्टाझिज स्वास्थ्य चौकीमा १० बजेसम्म पनि अधिकांश कर्मचारी अनुपस्थित रहेका थिए ।
अनुगमनका क्रममा केही वडा कार्यालयहरूमा पनि कर्मचारीहरूको उपस्थिति न्यून देखिएको टोलीले जनाएको छ । सेवा लिन बिहानैदेखि पुगेका सेवाग्राहीहरू कर्मचारी नहुँदा सास्ती भोग्न बाध्य भएको स्थानीयको गुनासो छ ।
नगर प्रमुख महतोले कर्मचारीहरूको लापरवाहीप्रति असन्तुष्टि जनाउँदै समयपालनमा कडाइ गरिने बताएका छन् । उनले कामप्रति गैरजिम्मेवार देखिने कर्मचारीमाथि आवश्यक कारबाही गरिने स्पष्ट पारे ।
स्थानीय तहबाट सहज र प्रभावकारी सेवा अपेक्षा गरिरहेका नागरिकका लागि यस्तो अवस्था चुनौतीपूर्ण बन्न सक्ने भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन् । नगरपालिकाले भने आगामी दिनमा अनुगमनलाई नियमित बनाउँदै सेवा प्रवाह सुधार गर्ने प्रतिबद्धता जनाएको छ ।

# पत्रिकाको फर्जी बील बनाउने र भुक्तानी दिनेहरु दोषी ठहर

**मधेशदृष्टि**
**बारा ।**
फेटा गाउँपालिकामा कृषि विद्युतीकरण कार्यक्रमसम्बन्धी झुट्टा विवरण पेस गरी भ्रष्टाचार गरेको ठहर गर्दै विशेष अदालतले तीन जनालाई कैद र जरिवानाको सजाय सुनाएको छ । न्यायाधीशहरू नारायण प्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र उमेश कोइरालाको इजलासले गौरीशंकर कुमार सिंह, नेपाल मिडिया हाउस प्रालि र संस्थाका प्रबन्ध निर्देशक नवराज निरौलालाई दोषी ठहर गर्दै सजाय तोकेको हो ।
सोही मुद्दामा मुकेश प्रसाद साहलाई भने अदालतले सफाइ दिएको छ । अदालतले मुख्य दोषी ठहरिएका सिंहलाई ३ महिना कैद र ४७ हजार ३ सय ८६ रुपैयाँ ६७ पैसा जरिवाना तोकेको छ । त्यस्तै मतियारको भूमिकामा रहेका कम्पनी र प्रबन्ध निर्देशकलाई पनि समान कैद र जरिवाना सजाय सुनाइएको छ । साथै, तीनै जनालाई अपराध पीडित संरक्षण ऐन, २०७५ अनुसार क्षतिपूर्ति स्वरूप जनही १ हजार ८ सय ९५ रुपैयाँ ४७ पैसा पीडित राहत कोषमा जम्मा गर्न आदेश दिइएको छ ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार फेटा गाउँपालिकाको कृषि विद्युतीकरण कार्यक्रमअन्तर्गत बोलपत्र सूचना प्रकाशित भएको देखाएर झुट्टा बिल र भरपाई तयार गरी १ लाख ४२ हजार १ सय ६० रुपैयाँ सरकारी रकम भुक्तानी लिइएको थियो। सोही आधारमा मुद्दा दायर गरिएको हो ।

# ठोरीका पर्यटकीय क्षेत्रमा सरसफाइ

**मधेशदृष्टि**
**ठोरी ।**
पर्साको ठोरी गाउँपालिकाको पर्यटकीय क्षेत्रमा सरसफाइ गरिएको छ । गाउँपालिकाको सेतो पहाड, ठुटे खोला पुल, राई धारा आसपास क्षेत्रमा सरसफाइ गरिएको हो । 'सफा ठोरी, स्वच्छ ठोरी, सुन्दर ठोरी' भन्ने मूल नारासहित सञ्चालन गरिएको सरसफाई अभियान युवा व्यवसायी धीर सिंहको पहलमा भएको हो ।
सरसफाइ कार्यक्रममा निर्मल ठोरी उपभोक्ता समितिका अध्यक्ष जीवन खड्का, राष्ट्रिय स्वतन्त्र पार्टी ठोरीका सभापति माधव बस्नेत, सन्तोष श्रेष्ठलगायत ठोरीका होटल व्यवसायी, स्थानीय बासिन्दा साथै शिक्षक–शिक्षिकाको उल्लेखनीय सहभागिता थियो ।
इलाका प्रहरी कार्यालय ठोरी, सशस्त्र प्रहरी बेस क्याम्प ठोरीको समन्वय र सहयोगमा कार्यक्रम सम्पन्न गरिएको आयोजकले जनाएको छ । सरसफाइ अभियानले वातावरण संरक्षणका साथै ठोरीको सौन्दर्य साथै पर्यटन प्रवद्र्धनमा सकारात्मक योगदान पुग्ने हुँदा यस किसिमको अभियानलाई निरन्तरता दिइने सहभागीले बताए ।

# चिट चोराउने शिक्षकसहित चार पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
मङ्गलबार भएको एसइइ परीक्षामा मर्यादा उलङ्घन गर्ने र गराउँदै गरेका शिक्षकसहित चार जना युवालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।
'ह्वाट्सएप ग्रुप' मार्फत चिट चोराउँदै गरेको अवस्थामा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट उनीहरुलाई नियन्त्रणमा लिइएको हो ।
जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक बिष्णु प्रदीप बस्यालका अनुसार मावि शितलपुर गुजराका शिक्षक तेजनारायण चौधरी, मावि सिम्राभवानीपुर नजिकबाट चन्द्रपुर नगरपालिका–६ का रञ्जित साह, गुजरा नगरपालिका–५ लक्ष्मीपुरका महम्मद हुसेन र समिर मन्सुरलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# बर्डफ्लु संक्रमणको हल्लापछि मासु बिक्रीमा कमी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तेश्रो पटकमा मोरङको विभिन्न ठाउँबाट फैलिएको बर्डफ्लु (एच–फाइभ एन–वान) विभिन्न स्थानमा देखा पर्न थालेपछि जनकपुरधाममा कुखुरा मासुको बिक्रीमा गिरावट आएको छ । हालसम्म बर्डफ्लु मुलुकका विभिन्न ४ वटा जिल्लाका २३ वटा फार्ममा फैलिएको जनाइएको छ ।
मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सूचना अधिकारी अजय ज्ञवालीले मधेश प्रदेशमा तत्कालै बर्डफ्लु नदेखिए पनि मधेश प्रदेशमा रहेको फार्ममा सेनिटाइजरको प्रयोगलगायतका स्वास्थ्य अवस्थाप्रति सजगता अपनाउन आग्रह गरेका छन् ।
मधेश प्रदेशमा तत्कालै बर्डफ्लु नदेखिए पनि कोशी प्रदेश र बागमति प्रदेशबाट नै सबैभन्दा बढी आयात हुने गरेकाले यसप्रतिको सजगता र सतर्कता आवश्यक रहेको मन्त्रालयका सूचना अधिकारी ज्ञवालीले बताए । उनले अहिले मधेशमा उच्च सतर्कताको आवश्यकता रहेकाले प्रदेशको ८ वटै जिल्लामा सजग रहनुपर्ने बताएका छन् ।
पशु सेवा विभागले जनाए अनुसार सुनसरीमा सबैभन्दा बढी १२ वटा कुखुरा फार्म प्रभावित भएका छन् । त्यस्तै मोरङमा ८, झापामा २ र चितवनको एउटा कुखुरा फार्ममा बर्डफ्लु भेटिएको जनाइएको छ ।

## सम्पादकीय

# मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेरः सुदन गुरुङको वरियता घटाइएको सन्दर्भ

हालै प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेर गर्नुभएको छ। यो हेरफेरले सरकार गठन भएको छोटो समयमै गृहमन्त्री सुदन गुरुङको वरियता तेस्रोबाट पाँचौँ स्थानमा झारेको छ।

यस घटनाले राजनीतिक वृत्तमा मात्र नभई आम नागरिकमा समेत विभिन्न प्रश्नहरू खडा गरेको छ । मन्त्रिपरिषद्को मर्यादाक्रममा गरिने यस्ता परिवर्तनहरू सामान्यतया सरकारको आन्तरिक मामिला भए पनि, यसले सरकारभित्रको शक्ति सन्तुलन, कार्यशैली र भविष्यको दिशाबारे महत्त्वपूर्ण सङ्केत गर्दछ।

गृहमन्त्री गुरुङको वरियता घटाइनुलाई उनको कार्यशैली र केही विवादास्पद निर्णयहरूसँग जोडेर हेरिएको छ। पदभार ग्रहण गरेलगत्तै उनले चालेका केही कदमहरू, जस्तै उच्च पदस्थहरूको गिरफ्तारी र राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालय मातहत ल्याउने प्रयास, चर्चामा रहेका थिए। यद्यपि, उनको ‘अपरम्परागत’ र ‘नतिजामुखी’ भनिएको कार्यशैलीले कतिपय अवस्थामा कानुनी प्रक्रिया र स्थापित मर्यादालाई चुनौती दिएको आरोप पनि लागेको छ । उनको अनुभवहीनता र राजनीतिक परिपक्वताको अभावलाई पनि यस वरियता हेरफेरको एक कारणका रूपमा विश्लेषण गरिएको छ।

यस घटनाले प्रधानमन्त्री र गृहमन्त्रीबीचको सम्बन्धमा चिसोपन आएको वा कार्यक्षेत्रको विषयमा मतभेद रहेको सङ्केत गर्दछ । राष्ट्रिय अनुसन्धान विभाग प्रधानमन्त्री कार्यालय मातहत रहेको अवस्थामा गृहमन्त्रीले त्यसलाई आफ्नो मन्त्रालयमा ल्याउन खोज्नुले क्षेत्राधिकारको विवाद उत्पन्न गरेको देखिन्छ । सरकारभित्र समन्वय र सहकार्यको अभाव हुँदा यस्ता आन्तरिक शक्ति संघर्षहरू सतहमा आउने गर्दछन् । यसले सरकारको समग्र कार्यसम्पादन र स्थायित्वमा समेत नकारात्मक असर पार्न सक्छ।

मर्यादाक्रममा हेरफेर गरिनुले गृहमन्त्री गुरुङको ‘कमजोरी’ लाई औंल्याएको छ । उनको जोस र केही सुधारका प्रयासहरू प्रशंसनीय भए पनि, विधि र प्रक्रियालाई बेवास्ता गर्दा त्यसको परिणाम सुखद नहुने रहेछ भन्ने यस घटनाले देखाएको छ । राजनीतिक नियुक्तिमा अनुभव र परिपक्वताको महत्त्वलाई पनि यसले पुनः स्थापित गरेको छ । सरकारले कुनै पनि निर्णय गर्दा त्यसको दीर्घकालीन प्रभाव र संवैधानिक मर्यादालाई ध्यान दिनुपर्ने आवश्यकतालाई यो घटनाले उजागर गरेको छ।

अन्ततः, सरकारको स्थायित्व, सुशासन र विधि सम्मत शासनका लागि मन्त्रिपरिषद्का सदस्यहरूबीच सुमधुर सम्बन्ध, स्पष्ट कार्यक्षेत्र र आपसी समन्वय अपरिहार्य हुन्छ । गृहमन्त्रीको वरियता घटाइनुले सरकारलाई थप जिम्मेवार र पारदर्शी बन्न प्रेरित गर्नुपर्छ । यस घटनाबाट पाठ सिकेर सरकारले भविष्यमा यस्ता आन्तरिक कलहहरूलाई व्यवस्थापन गर्दै जनमुखी कार्यमा केन्द्रित हुनुपर्ने देखिन्छ।

# राज्य सञ्चालनको ‘नयाँ ब्ल्यूप्रिन्ट’



–जीतेन्द्र जीसी

फ्रान्सेली दार्शनिक भिक्टर ह्युगोले भनेका छन्, ‘संसारका सम्पूर्ण सेनाहरू मिलेरपनि त्यो विचारलाई रोक्न सक्दैनन्, जसको समय आइसकेको छ ।’ नेपालको राजनीतिक इतिहासलाई फर्केर हेर्दा लाग्छ, हामीले विचारहरू त धेरै सुन्यौँ, तर ती विचारलाई जमिनमा उतार्ने ‘समय’ र ‘इच्छाशक्ति’ कहिल्यै आएन। विगत आठ दशकदेखि नेपाल एउटै जीर्ण राजनीतिक मेसिनरीबाट सञ्चालित छ। सरकारहरू फेरिए, अनुहारहरू फेरिए, तर राज्य सञ्चालनको ‘अपरेटिङ सिस्टम’ उही पुरानै तदर्थवादी र दोहनकारी रह्यो।

तर, अब समयको पदचाप बदलिएको छ। नयाँ जनादेश र नयाँ पुस्ताको हस्तक्षेपसहित बनेको नवगठित सरकारलाई हिजोका शासकहरूले जस्तै ‘कर्मकाण्डी’ शैलीमा रुमल्लिने वा ‘हनिमुन पिरियड’ मनाउने छुट छैन। नागरिकको धैर्यको बाँध टुटिसकेकोछ। अबको सरकारले परम्परागत फाइलको चाङबाट होइन, निर्मम र युगान्तकारी नीतिगत प्रस्थानबाट आफ्नो डेलिभरी प्रमाणित गर्नुपर्छ।

सरकारको ‘पहिलो १०० दिन’ ले नै यो सरकारको ५ वर्षे गन्तव्य तय गर्छ। नागरिकका अपेक्षा, राज्यको आवश्यकता र विश्वव्यापी उत्कृष्ट अभ्यासलाई मध्यनजर गर्दै, नवगठित सरकारले तत्कालरूपान्तरणकारी नीतिहरू, तिनको प्राथमिकता, समयसीमा र कार्यान्वयनको ‘ब्लुप्रिन्ट’ यसरी गर्दा कसो होला ?

पहिलो ‘सक–थेरापी’– ‘नो लाइन, नो फाइन

कुनैपनि ठूलो परियोजना वा प्रोजेक्ट बैंकका कुरा गर्नुभन्दा पहिले सरकारले नागरिकको दैनिक जीवनमा छुनुपर्छ । नागरिकले राज्यलाई भेट्ने भनेको सिंहदरबारमा होइन; अस्पताल,मालपोत, यातायात,वडा कार्यालय, जिल्ला प्रशासन, सडक,राहदानी कार्यालयका झ्यालहरूमा र ढुक्कले आफ्नो बेडमा निद्रा हो । त्यसैले सरकारको पहिलो १०० दिनको ‘सुप्रिम फोकस’ सार्वजनिक सेवा प्रवाह हुनुपर्छ।

वर्षौँदेखिको क्रोनिक तर सानो प्रयासबाट सुल्झिने कुराहोः

**‘नो लाइन, नो फाइन‘ र ‘वन्स–अन्ली प्रिन्सिपल’**

सरकारले मन्त्रिपरिषदबैठकबाटै ‘वन्स–अन्ली प्रिन्सिपल’ लागू गर्ने घोषणा गर्नसक्छ–गर्नुपर्छ। यसको अर्थ हो—राज्यले नागरिकसँग कुनैपनि विवरण (नागरिकता, फोटो) जीवनमा एकपटक मात्र माग्नेछ। एउटा निकायले लिएको डाटा अर्को निकायले सेयर गर्नुपर्छ। यो कुनै खर्चिलो वा समय लाग्ने कुरा होईन । खाली प्राथमिकताको बर्गिकरणको मात्रै कुरा हो ।

कार्यान्वयन शैलीःराहदानी, अस्पताल,लाइसेन्स र मालपोत जस्ता कार्यालयहरूलाई तत्काल ‘फेसलेस’ (अनुहार हेर्न नपर्ने) र ‘क्यासलेस’ (नगदविहीन) बनाइनुपर्छ। सरकारी सर्भर डाउन हुँदा वा कर्मचारीको ढिलासुस्तीले काम रोकिँदा नागरिकलाई विलम्ब शुल्क लाग्ने अन्यायपूर्ण व्यवस्था तत्काल खारेज गर्नुपर्छ । तोकिएको समयमा सेवा नदिए कर्मचारीको तलबबाट अटोमेटिक क्षतिपूर्ति नागरिकको खातामा जाने ‘सिटिजन चार्टर’ लागू गर्नुपर्छ ।यसो गरिदा राज्यकोष बाट तलब सुबिधा लिएर कार्यलयमा बसी शेयर खरिद बिक्रीमा दिन काट्ने चलन अन्त्य हुनेछ ।

अन्तर्राष्ट्रिय दृष्टान्तः युरोपेली देश इस्टोनियाले यो नीति लागू गरेर आफूलाई विश्वकै पहिलो पूर्ण ‘डिजिटल रिपब्लिक’ बनायो। त्यहाँ नागरिकले विवाह र सम्बन्धविच्छेद बाहेक राज्यका ९९% सेवा अनलाइनबाटै लिन्छन्। नेपालले यो मोडल पहिलो ३ महिनाभित्रै सुरु गर्न सक्छ।

**कार्यान्वयनको इन्जिनः ‘प्रधानमन्त्री डेलिभरी युनिट’**

माथिका निर्णयहरू मन्त्रालयको रातो–फिताशाहीमा नथन्किऊन् भनेर प्रधानमन्त्री कार्यालयमै उच्च प्राविधिक र विज्ञहरू सम्मिलित अधिकारसम्पन्न ‘प्रधानमन्त्री डेलिभरी युनिट’ खडा गर्नुपर्छ।

कार्यान्वयन शैलीःयो युनिटले परम्परागत प्रशासन चलाउँदैन, यसले कर्पोरेट शैलीमा ‘डेलिभरी’ ट्र्याक गर्छ । प्रधानमन्त्रीको कार्यकक्षमा एउटा ‘लाइभ ड्यासबोर्ड’ हुनेछ, जसले मन्त्री र सचिवहरूको ‘रियल–टाइम मनिटरिङ’ गर्नेछ । ड्यासबोर्डमा लक्ष्यअनुसार काम नगर्ने मन्त्री वा सचिवलाई अटोमेटिक रूपमा कारबाही वा बर्खास्तगीको सिफारिस गर्ने प्रणाली लागू गरिनेछ । बेलायतमा टोनी ब्लेयरले ‘डेलिभरोलोजी’को सिद्धान्तअनुसार पिएमडियु खडा गरेरै शिक्षा र स्वास्थ्यमा आमूल परिवर्तन ल्याएका थिए।

**संरचनात्मक शल्यक्रिया — दण्डहीनताको अन्त्य र ‘रेगुलेटरी गिलोटिन’**

तपाई कुहिएको जगमा जतिसुकै सुन्दर महल बनाउन खोज्नुहोस्, त्यो टिक्दैन। सुशासनको जग बसाल्न विगतका गल्तीहरूको निर्मम शल्यक्रिया अनिवार्य छ । यो सरकारको पहिलो वर्षको प्राथमिकता हुनुपर्छ।

**सम्पत्ति छानबिन(नीति (नीति):** वि.सं. २०४६ सालयता उच्च सार्वजनिक पदमा रहेका सम्पूर्ण व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न एक अधिकारसम्पन्न आयोग गठन गर्नुपर्छ । अवैध सम्पत्तिलाई निश्चित समयसीमा तोकेर स्वघोषणा गर्न लगाउने र नभए राष्ट्रियकरण गर्ने कठोर कदम चाल्नुपर्छ।

**रेगुलेटरी गिलोटिन(नीति):** विदेशी लगानी र आन्तरिक उद्योग स्थापनामा तगारो बनेका दर्जनौं पुराना र बाझिएका ऐनहरूलाई ‘रेगुलेटरी गिलोटिन’(नियामक खारेजी) मार्फत संसद्बाट एकमुष्ट खारेज गरी ‘वान–डोर पोलिसी’ व्यवहारमै लागू गर्नुपर्छ।

आधुनिक सिंगापुरका निर्माता ली क्वान युले भनेका थिए, ‘यदि तिमी साँच्चै भ्रष्टाचार अन्त्य गर्न चाहन्छौ भने, आफ्ना साथीभाइ र परिवारका सदस्यलाई जेल पठाउन तयार हुनुपर्छ ।’ उनले यही कठोरता अपनाएर एउटा गरिब माछा मार्ने गाउँलाई प्रथम विश्वको देशमा रूपान्तरण गरे । नयाँ सरकारले ली क्वान युको यही ‘निर्मम’ शैली अङ्गीकार गर्नुपर्छ।

**नयाँ सामाजिक सम्झौता—‘पपुलिजम’को अन्त्य र ‘जिरो–वालेट’ स्वास्थ्य**

लोककल्याणकारी राज्यको परिभाषा भोट माग्न ‘नगद बाँड्ने’ सस्तो पपुलिजम होइन। यसलाई ‘युनिभर्सल बेसिक सर्भिस’ले प्रतिस्थापन गर्नुपर्छ । यो सरकारको दोस्रो वर्षभित्र पूर्ण कार्यान्वयनमा आउनुपर्छ।

नगद बाँडेर महँगी बढाउने होडबाजी बन्द गरी राज्यले शिक्षा, स्वास्थ्य र सार्वजनिक यातायातको ग्यारेन्टी गर्नुपर्छ। राष्ट्रिय परिचयपत्र बन्नेबित्तिकै स्वतः स्वास्थ्य बीमा हुने ‘अटो–एनरोलमेन्ट’ प्रणाली लागू गर्नुपर्छ।

**कार्यान्वयन शैली (‘जिरो–वालेट’ र ‘सिंगल–पेयर’):** कुनै पनि सरकारी वा तोकिएको अस्पतालमा जाँदा नागरिकले ‘क्यास काउन्टर’ नै देख्न नपर्ने व्यवस्था गर्नुपर्छ। क्यान्सर वा मिर्गौला फेल हुँदा घरखेत बेच्नुपर्ने नियतिको अन्त्य गर्दै, उपचार खर्च राज्यको ‘पुलिङ फन्ड’ बाट व्यहोरिनुपर्छ। धनी र गरिबको बच्चा एउटै अस्पतालमा उपचार गर्ने ‘क्यासलेस र क्लासलेस’ समाजवादको मोडल नै साँचो अर्थको डेलिभरी हो।

जसरी चाणक्यले आफ्नो‘अर्थशास्त्र’मा भनेका छन्, ‘प्रजाको सुखमै राजाको सुख हुन्छ, प्रजाको हितमै राजाको हित।’ लोकतन्त्रमा राज्यको हित भनेकै नागरिकले गोजीमा पैसा नहुँदा पनि स–सम्मान उपचार पाएर अस्पतालबाट फर्किन पाउनु हो।

**आर्थिक इन्जिन—‘राष्ट्रिय प्रोजेक्ट बैंक’ र ग्लोबल नेपालीको स्वामित्व**

नेपाल सधैँ ‘दाताको अनुदान’ र ‘युवाको रेमिट्यान्स’ ले चल्न सक्दैन । हामीलाई अर्थतन्त्रको संरचनात्मक ‘सिफ्ट’ चाहिएको छ।

हचुवाका भरमा नेताको खल्तीबाट योजना छान्ने र बजेट छर्ने प्रवृत्ति पूर्ण रूपमा रोक्न अन्तर्राष्ट्रिय मापदण्डको‘राष्ट्रिय प्रोजेक्ट बैंक‘खडा गर्नुपर्छ। यसमा जग्गा प्राप्ति र वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भइसकेका ‘रेडी–टु–गो’ परियोजनाहरू मात्र राखिनेछन्।

**कार्यान्वयन शैली (डायस्पोरा रेमिटेन्स बन्ड):** मास ट्रान्जिट (सहरी रेलमार्ग), पूर्व–पश्चिम विद्युतीय रेल र ठूला जलविद्युत् आयोजनामा लगानी जुटाउन विदेशमा रहेका नेपालीहरूका लागि ‘डायस्पोरा रेमिटेन्स बन्ड’ जारी गर्नुपर्छ।

अब खाडी वा युरोपबाट फर्किने नेपाली हातमा एउटा टिभी बोकेर होइन, देशको ठूलो ‘मेगा प्रोजेक्टको मालिक’ र सेयरधनी बनेर फर्किनेछ। यसले नेपाली डायस्पोरालाई राज्य निर्माणको प्रत्यक्ष साझेदार बनाउनेछ।

**अर्थतन्त्रको नयाँ प्रस्थानः ‘डेड एसेट‘ बाट ‘डाइनामिक क्यापिटल’ को निर्माण**

पैसा नभएर हामी गरिब भएका होइनौं; भएको पुँजीलाई चलायमान बनाउन नजानेर पछाडि परेका हौं। छरिएको पुँजी गरिबीको कारक हो भने, एकीकृत पुँजी समृद्धिको आधार हो।अब राज्यका ‘डेड एसेट’ र नागरिकको रेमिट्यान्सलाई ‘डाइनामिक क्यापिटल’ मा बदलेर मात्र हामी आत्मनिर्भरताबाट विश्व बजारसम्मको बलियो दाबेदारी प्रस्तुत गर्न सक्छौं। यो मोडल केवल एउटा आर्थिक योजना मात्र होइन, यो परनिर्भर अर्थतन्त्रलाई स्वाधीन बनाउने ‘मास्टरस्ट्रोक’ हो।

हाम्रो अर्थतन्त्रको सबैभन्दा ठूलो विडम्बना के हो भने, हामी निरन्तर ‘देशमा लगानी गर्ने पैसा छैन’ भनेर विलाप गर्छौं, तर आफ्नै आँगनमा रहेका खर्बौंका सम्पत्तिलाई भने बेवास्ता गरिरहेका छौं। राज्यको स्वामित्वमा रहेका तर प्रयोगविहीन हजारौं बिघा सरकारी जग्गा, बन्द र जीर्ण अवस्थामा रहेका सरकारी संस्थानहरू, र दैनिक भित्रिने तर उपभोगमै सकिने रेमिट्यान्स— यी सबै हाम्रा ‘डेड एसेट’ (निष्क्रिय सम्पत्ति) हुन्। अबको आर्थिक क्रान्तिको पहिलो र अनिवार्य सर्त भनेकै यिनै निष्क्रिय सम्पत्तिलाई ब्युँझाएर‘डाइनामिक क्यापिटल‘ (गतिशील पुँजी)मा रूपान्तरण गर्नु हो।

**यो नीति किन र कति जरुरी ?**

हामी सधैं विदेशी ऋण र दातृ निकायको अनुदानको भर परेर समृद्धिको यात्रा तय गर्न सक्दैनौं। अर्कोतर्फ, रेमिट्यान्सले घरको चुलो त बलेको छ, तर देशको पुँजी निर्माण हुन सकेको छैन। जबसम्म छरिएको पुँजीलाई एकीकृत गरी उत्पादनशील क्षेत्रमा लगानी गरिँदैन, तबसम्म देशको अर्थतन्त्र आयातमुखी र परनिर्भर नै रहिरहन्छ । त्यसैले, गरिबीको दुष्चक्र तोड्न र राष्ट्रिय आत्मनिर्भरता हासिल गर्न यो नीतिगत ‘सिफ्ट’ भोलि होइन, आज र अहिल्यै सुरु गर्नुपर्ने सबैभन्दा टड्कारो आवश्यकता हो।

**‘स्मार्ट योजना‘ कसरी गर्ने?**

पैसा कहाँबाट आउँछ भन्ने जटिल प्रश्नको समाधान गर्न हामीले दुईवटा रणनीतिक पिलरमा काम गर्नुपर्छ, जसले नर्वेको ‘सोभरेन वेल्थ फन्ड’ र सिंगापुरको ‘टेमासेक मोडल’ को झल्को दिनेछः

नेपाल डेभलपमेन्ट फन्डको स्थापनाःराज्यसँग पैसा छैन भन्ने भाष्यलाई चिर्न सरकारको स्वामित्वमा रहेका तर प्रयोगविहीन जग्गा र बन्द कारखानाहरूको सम्पत्तिको आधुनिक प्राविधिक पुनः मूल्याङ्कन गरिनेछ। ती ‘डेड एसेट’ लाई कानुनी रूपमा ‘सेक्युरिटाइजेसन’ गरेर अन्तर्राष्ट्रिय पुँजी बजारबाट कम्तीमा ५ खर्बको ‘सिड क्यापिटल’ (सुरुवाती पुँजी) खडा गरिनेछ। यसले राज्यलाई आन्तरिक ऋणको भार नथपिकन ठूला राष्ट्रिय गौरवका आयोजनामा लगानी गर्ने विशाल पुँजी उपलब्ध गराउनेछ।

रेमिट्यान्स बन्डमार्फत पुँजी निर्माणःविदेशमा पसिना बगाएर कमाएको पैसा नेपाल भित्रिएपछि विलासिताका सामान र आयातित उपभोगमा मात्र खर्च भइरहेको छ। यसलाई रोक्न राज्यले ‘हाइड्रोपावर र आईटी बन्ड’ जारी गर्नेछ । विदेशमा रहेका नेपालीले पठाउने रेमिट्यान्सको कम्तीमा १०% रकम सीधै यस्ता ग्यारेन्टीयुक्त बन्डमा लगानी गर्ने सहज विकल्प दिइनेछ। यसले गर्दा श्रमिकको पैसाले सुरक्षित प्रतिफल पनि पाउनेछ र देशले ठूला पूर्वाधारमा लगानी गर्ने आन्तरिक पुँजी पनि प्राप्त गर्नेछ।

**कूटनीतिक र प्राविधिक छलाङ — ‘भाइब्रेन्ट ब्रिज‘ र एआई गभर्नेन्स**

नेपालको भूराजनीतिक अवस्था र २१ औं शताब्दीको प्रविधिलाई सँगै लैजानुपर्छ।

विदेश नीतिको परम्परागत ‘बफर स्टेट’ (दुई ढुङ्गाबीचको तरुल) मनोविज्ञानबाट बाहिर निस्केर, नेपाललाई भारत र चीन जोड्ने एउटा ‘जीवन्त पुल’ मा रूपान्तरण गर्न ‘ठाडो र स्वतन्त्र कूटनीति’ अँगाल्नुपर्छ।

यसका साथै, सरकारी निर्णय प्रक्रियामा आर्टिफिसियल इन्टेलिजेन्स को प्रयोग गर्दै, ट्राफिक नियम उल्लङ्घनदेखि कर छलीसम्मका अपराधहरूमा ब्क्ष् जडित ‘अटोमेटिक ट्र्याकिङ र फाइनिङ’ सिस्टम लागू गर्नुपर्छ।

**कसरी अनुभूति गराउने सरकार ?**

माथिका नीतिहरू पढ्दा जति सुन्दर छन्, कार्यान्वयन उति नै जटिल छ। तर असम्भव छैन। दक्षिण कोरियाका पार्क चुङ–ही र रुवान्डाका पल कागामेले युद्ध र गरिबीले थिलथिलो भएका देशहरूलाई एकै पुस्तामा ‘आर्थिक बाघ’ मा रूपान्तरण गरेका थिए। उनीहरूको सफलताको रहस्य कुनै जादु थिएन; त्यो थियो— ‘डेलिभरीप्रतिको निर्मम प्रतिबद्धता र नतिजामा आधारित प्रशासन’ नेपालमा अब सरकारको अनुभूति मन्त्रीका लामा भाषणबाट होइन, नागरिकले पाउने ‘सर्भिस डेलिभरी’ को गतिबाट हुनेछ । जब एउटा किसानले घरमै बसेर मोबाइलबाट जग्गाको तिरो तिर्छ; जब एउटा युवाले बिना घुस र भनसुन प्रोजेक्ट बैंकबाट आइडिया लिएर कम्पनी दर्ता गर्छ; र जब एउटी आमाले पैसा नबोकीकन अस्पतालमा राम्रो उपचार पाउँछिन्— तब मात्र देशमा साँचो अर्थको नयाँ युग आएको प्रमाणित हुनेछ।

विख्यात नाटककार विलियम सेक्सपियरले‘जुलियस सिजर‘मा लेखेका छन्, ‘मानिसको जीवनमा एउटा यस्तो ज्वारभाटा आउँछ, जसलाई समयमै समात्न सकियो भने त्यसले भाग्यको ढोका खोल्छ; छुट्यो भने जीवनभर उथलेको पानी र दुःखमा रुमल्लिनुपर्छ।’ नवगठित सरकार र यसको नेतृत्व आज त्यही ऐतिहासिक ‘ज्वारभाटा’ को बिन्दुमा उभिएको छ। पुराना धागोहरू चुँडिसकेका छन्। देशलाई अब नयाँ तान, नयाँ हात र नयाँ राजनीतिक कल्पनाशीलता चाहिएको छ। यदि यो सरकारले माथिका ५ नीतिलाई निर्मम इच्छाशक्तिका साथ ‘एक्सन’ मा बदल्ने साहस ग¥यो भने, नेपाल विस्तारै घिस्रिने छैन; यसले सोझै समृद्धिको छलाङ मार्नेछ । अब पालो कामको हो, परिणामको हो।

# ऊर्जा राजनीति र नेपालको कूटनीतिक परीक्षा



–सरोज न्यौपाने

मध्यपूर्वको आकाश फेरि एकपटक बारुदको धुवाँले ढाकिएको छ। यसपटकको लडाइँ केवल निश्चित भूगोलमा केन्द्रित घटना मात्र नभएर विश्व शक्ति सन्तुलन, ऊर्जा राजनीति र साना राष्ट्रहरूको अस्तित्वसम्मलाई प्रभावित पार्ने तहको तरङ्ग हो । सतहमा हेर्दा यो इरान र इजरायलबीचको सैन्य टकराव जस्तो देखिए पनि यसको भित्री संरचना संयुक्त राज्य अमेरिकाको बढ्दो संलग्नतासँग गाँसिएको छ। यही कारणले यो द्वन्द्वलाई अब क्षेत्रीय मात्र नभई विस्तारित विश्व शक्ति टकरावको प्रारम्भिक चरणका रूपमा बुझ्नुपर्छ।

**पृष्ठभूमिः इरानी क्रान्तिदेखि शीतयुद्ध हुँदै खुला युद्धसम्म**

यो द्वन्द्व कुनै आकस्मिक विस्फोट होइन; यसको पृष्ठभूमि सन् १९७९ को इरानी इस्लामिक क्रान्तिसम्म जोडिन्छ। क्रान्तिपूर्व इरान र अमेरिकाबीच घनिष्ठ सम्बन्ध थियो र इजरायलसँग पनि त्यत्तिकै व्यावहारिक सहकार्य कायम थियो । तर, क्रान्तिपछि स्थापित इस्लामिक गणतन्त्रले आफूलाई पश्चिमविरोधी कित्तामा उभ्यायो । त्यहींबाट इरान–इजरायल सम्बन्ध शत्रुतापूर्ण बन्दै गएको मानिन्छ।

त्यसपछि दशकौँसम्म इरान–इजरायल सम्बन्ध प्रत्यक्ष युद्धमा नगई ‘छायाँ युद्ध’ का रूपमा विकसित भयो। साइबर आक्रमण, गुप्तचर कारबाही, प्रोक्सी समूहहरूको परिचालन र आणविक कार्यक्रमसँग जोडिएका वैज्ञानिकहरूको लक्षित हत्या जस्ता घटना शीतयुद्धकालीन टकरावका दृष्टान्त हुन्।

अहिलेको अवस्था त्यो लामो प्रक्रियाको चरम परिणति हो, जहाँ प्रत्यक्ष सैन्य आक्रमणले द्वन्द्वलाई खुला युद्धमा रूपान्तरण गरिदिएको छ। इजरायलले आफ्नो सुरक्षालाई आधार बनाएर ‘पूर्वसतर्कतामूलक प्रहार’ गरेको दाबी गर्छ भने इरानले त्यसलाई आफ्नो सार्वभौमिकतामाथिको सीधा आक्रमणका रूपमा व्याख्या गर्दै प्रतिरोधमा उत्रिएको छ।

**जारी युद्धः आक्रमण, प्रतिआक्रमण र नेतृत्व लक्षित सैन्य कारबाही**

हालको युद्ध बहुआयामिक छ । ड्रोन, ब्यालिस्टिक मिसाइल, साइबर युद्ध र क्षेत्रीय नेटवर्कमार्फत भइरहेका आक्रमणहरूले यसको स्वरूप जटिल बनाउँदै लगेका छन्।

इजरायलले इरानका रणनीतिक सैन्य संरचना र सम्भावित आणविक पूर्वाधारलाई निशाना बनाएको छ । त्यसको प्रत्युत्तरमा इरानले इजरायलका संवेदनशील पूर्वाधारमा व्यापक मिसाइल र ड्रोन आक्रमण गरिरहेको छ। त्यसका साथै इजरायल र अमेरिकाका खाडी क्षेत्रका सैन्य साझेदारहरूमाथि पनि आक्रमण बढेको छ।

यस द्वन्द्वको सबैभन्दा विस्फोटक मोड भनेको इरानी नेतृत्व र उच्च तहका व्यक्तिहरूमाथि भएका लक्षित आक्रमण हुन्। इरानका उच्च सैन्य अधिकारी र वैज्ञानिकहरूको हत्याबाट इरान क्रुद्ध बनेको छ । इरानमाथि भएका यस स्तरका आक्रमणहरू मध्यपूर्व तनावका गम्भीर आयाम हुन्।

अमेरिका सुरुवातमा इजरायलको ‘ब्याक फोर्स’ का रूपमा देखिए पनि अहिले खाडी क्षेत्रमा विशाल सैन्य तैनाथीमार्फत प्रत्यक्ष संलग्नताको दिशातर्फ उन्मुख छ । विमानवाहक युद्धपोत, वायु रक्षा प्रणाली र हजारौँ सैनिकको उपस्थिति केवल प्रतिरक्षात्मक तयारी मात्र होइन, आवश्यक परे अमेरिकी पक्ष प्रत्यक्ष आक्रमणमा उत्रिन सक्ने सङ्केत पनि हो। यसरी हेर्दा यसले द्वन्द्वलाई त्रिपक्षीय शक्ति टकरावतर्फ धकेलेको प्रतीत हुन्छ।

**हर्मुज जलडमरूमध्यः ऊर्जा राजनीति र विश्व अर्थतन्त्रको नाडी**

यस युद्धको सबैभन्दा संवेदनशील आयाम ऊर्जा आपूर्ति हो, जसको केन्द्रमा ‘हर्मुज जलडमरूमध्य’ छ। विश्वको ठूलो हिस्सा तेल आपूर्ति यही जलमार्गबाट हुने भएकाले यसलाई विश्व ऊर्जा प्रणालीको ‘नाडी’ मानिन्छ। युद्ध लम्बिँदै गएमा इरानले यसलाई अवरुद्ध गर्ने रणनीति लिन सक्छ। यसले विश्व बजारमा तेलको मूल्य असामान्य रूपमा आकासिनेछ, आपूर्ति श्रृङ्खला भत्किनेछ, औद्योगिक उत्पादनमा गिरावट आउनेछ र विश्वव्यापी मुद्रास्फीति तीव्र हुनेछ। नेपालजस्ता आयातमा निर्भर अर्थतन्त्रका लागि यो सङ्कट अझ गहिरो हुन सक्छ। ऊर्जाको मूल्यवृद्धिले इन्धन मात्र होइन, यातायात, कृषि, निर्माण र दैनिक उपभोगका वस्तुमा समेत लागत वृद्धि गराउँछ। नेपाल यसको उच्च जोखिममा छ।

**नेपालमा प्रभावः रेमिट्यान्स, रोजगारी र महँगीको चाप**

यस द्वन्द्वको प्रत्यक्ष असर नेपालमा देखिन थालिसकेको छ। पहिलो प्रभाव ऊर्जा क्षेत्रमा नै हो। पेट्रोलियम पदार्थको मूल्य बढेसँगै यातायात र ढुवानी महँगिएको छ, खाद्यान्नको मूल्य तीव्र बनेको छ, निर्माण लागत चुलिएको छ र समग्र महँगी बढ्दो छ।

दोस्रो र अझ गम्भीर प्रभाव वैदेशिक रोजगारीमा छ। खाडी क्षेत्रमा कार्यरत हजारौँ नेपालीहरू रोजगारी गुमाएर फर्किनुपर्ने जोखिम बढेको छ। युद्धको त्रास, उद्योगधन्दा बन्द हुने अवस्था र आर्थिक सुस्तताका कारण श्रमिकहरू स्वदेश फर्किन थालेका छन्। यसले नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिएको रेमिट्यान्समा प्रत्यक्ष असर पार्छ । रेमिट्यान्स घट्दा विदेशी मुद्रा सञ्चिति घट्छ, आयात धान्न कठिन हुन्छ र आर्थिक स्थिरता सङ्कटमा पर्छ । यसले सामाजिक रूपमा बेरोजगारी र आन्तरिक आर्थिक दबाब बढाउँछ।

युद्धविराम प्रयासः पाकिस्तान र चीनको कूटनीतिक भूमिका युद्ध चर्किँदै जाँदा कूटनीतिक पहलहरू पनि सक्रिय भएका छन् । पाकिस्तानले अमेरिकासँगको सुमधुर सम्बन्ध र इस्लामिक विश्वसँगको निकटताबीच सञ्चालन कायम गर्दै मध्यस्थताको प्रयास गरिरहेको देखिन्छ । तर, इजरायल–अमेरिका पक्षलाई पूर्ण रूपमा विश्वासमा लिन सक्ने उसको क्षमता सीमित छ।

उता चीनले अझ सक्रिय र रणनीतिक भूमिका खेलिरहेको छ। ऊर्जा आपूर्ति सुरक्षित राख्दै विश्व कूटनीतिमा आफ्नो प्रभाव विस्तार गर्नु उसको प्रमुख लक्ष्य देखिन्छ। चीनको शान्ति पहल केवल मध्यस्थता मात्र नभएर दीर्घकालीन शक्ति सञ्चालनमा आफ्नो स्थान मजबुत बनाउने रणनीति पनि हुन सक्छ।

यद्यपि, युद्धविरामका लागि आवश्यक विश्वासको वातावरण अझै बनेको छैन । इरानले सुरक्षा ग्यारेन्टी र क्षतिपूर्तिको माग राखिरहेको छ भने इजरायल–अमेरिका पक्ष त्यसमा स्पष्ट प्रतिबद्धता जनाउन सकिरहेका छैनन् । युद्धविरामको अनिश्चितता कायमै छ।

**निष्कर्षः विश्वव्यापी सङ्कटको बीचमा नेपालको कूटनीतिक परीक्षा**

इरान र इजरायलबीचको द्वन्द्व र त्यसमा संयुक्त राज्य अमेरिकाको बढ्दो संलग्नताले विश्वलाई अस्थिरताको नयाँ चरणमा धकेलेको छ। यो द्वन्द्व अब केवल सैन्य टकरावमा सीमित छैन; यो ऊर्जा आपूर्ति, विश्व अर्थतन्त्र, कूटनीतिक ध्रुवीकरण र शक्ति सन्तुलनको पुनर्संरचनासँग गाँसिएको बहुआयामिक सङ्कट हो।

नेपालका लागि यो एक निर्णायक कूटनीतिक परीक्षा हो । नेपालले आफ्नो परम्परागत असंलग्न र सन्तुलित परराष्ट्र नीतिलाई अब व्यवहारमा अझ प्रखर रूपमा उतार्नुपर्ने समय आएको छ। संयुक्त राष्ट्रसङ्घजस्ता बहुपक्षीय मञ्चहरूमा सक्रिय उपस्थिति जनाउँदै शान्ति, संयम र संवादको पक्षमा स्पष्ट आवाज उठाउनु नेपालको कूटनीतिक जिम्मेवारी हो।

त्यसका साथै, खाडी क्षेत्रमा रहेका नेपाली नागरिकहरूको सुरक्षा सुनिश्चित गर्नु तत्कालीन प्राथमिकता हुनुपर्छ । आवश्यक परे उद्धार, पुनर्वास र पुनःरोजगारीका स्पष्ट योजनासहित राज्य संयन्त्र तयार रहनुपर्छ । वैदेशिक रोजगारलाई मात्र आर्थिक आधार बनाउने रणनीति दीर्घकालीन रूपमा जोखिमपूर्ण रहेको तथ्य यस सङ्कटले पुनः प्रमाणित गरेको छ।

ऊर्जा सुरक्षाको प्रश्न अझ गम्भीर रूपमा उठेको छ । जलविद्युत्, सौर्य र अन्य वैकल्पिक ऊर्जामा तीव्र लगानी गर्दै आयातमा निर्भरता घटाउनु अब विकल्प होइन, अनिवार्यता हो। कूटनीतिक रूपमा नेपालले सन्तुलन मात्र होइन, ‘स्मार्ट कूटनीति’ अपनाउनुपर्छ, जहाँ कुनै शक्तिकेन्द्रको छायामा नपरी आफ्नो सर्वोपरि राष्ट्रिय हित सुरक्षित गर्न सकियोस् । अन्तमा, विकसित परिस्थिति र ताजा जनादेशबाट सत्तामा पुगेको नेतृत्वलाई एउटा गम्भीर प्रश्न छ– के हामी केवल विश्व घटनाका दर्शक मात्र बन्ने हो वा आफ्ना हित सुरक्षित गर्न सक्षम, दूरदर्शी र सक्रिय राष्ट्रका रूपमा उभिने हो ? यही प्रश्नको उत्तरले नै नेपालको आगामी आर्थिक स्थायित्व, कूटनीतिक विश्वसनीयता र राष्ट्रिय सुरक्षाको दिशा निर्देश गर्नेछ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## नेमकिपाको आठौँ केन्द्रीय बैठक सम्पन्न

# सैद्धान्तिक रूपमा प्रस्ट हुन कार्यकर्तालाई निर्देशन




**भक्तपुर ।**
नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले कार्यकर्ताहरूलाई सैद्धान्तिक रूपमा प्रस्ट हुन र जनतालाई राजनीतिक रूपमा शिक्षित गराउन निर्देशन दिएका छन् ।

पार्टीको तेस्रो केन्द्रीय समिति बैठकको समापन गर्दै उहाँले केन्द्रीय सदस्यहरूलाई आम कार्यकर्तामाझ पुगेर कार्यकर्ताहरूलाई सैद्धान्तिक रूपमा प्रस्ट पार्नुपर्नेमा जोड दिएको हो ।

उनले पार्टीका जनवर्गीय तथा पेसागत सङ्गठनहरूलाई थप सक्रिय बनाउन, मजदुर आन्दोलनमा देखापरेका पुँजीवादी विचारको वैचारिक रूपमै खण्डन गर्न केन्द्रीय सदस्यहरूलाई निर्देशन दिएका छन् । साम्राज्यवादको पतन र समाजवादको विजय निश्चित रहेको विषयमा नयाँ पुस्तालाई शिक्षित गर्दै जानुपर्नेमा जोड दिँदै बिजुक्छेँले पार्टी गतिविधि र जनताको समस्या बुझ्न नियमित अन्तरक्रिया गर्न आग्रह गरेका छन् ।

बैठकले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीलाई मतदान गर्ने सम्पूर्ण मतदातालाई धन्यवाद ज्ञापन गर्ने निर्णय गर्दै पार्टीले जिल्ला, पालिका र वडा समितिहरूमार्फत
स्थानीयस्तरको टोलटोलमा पुगेर सभा गर्दै मतदातालाई धन्यवाद व्यक्त गर्ने निर्णय गरेको पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईंले जानकारी दिएका छन् । बैठकमा पार्टीका केन्द्रीय सचिव प्रेम सुवालले प्रस्तुत गरेको पार्टीको राजनीतिक तथा साङ्गठनिक प्रतिवेदनलाई आवश्यक सुझावसहित पारित गरेको गोसाईंले जानकारी दिएका छन् । रासस

## वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र:

# बढी शुल्क लिने बोर्डिङ स्कुलमाथि अनुगमन हुँदै

**काठमाडौं ।**
आगामी वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्रको सञ्चालन र मापदण्ड विपरीतको भर्ना शुल्क फिर्ता गराउन संघीय सरकारले स्थानीय सरकारलाई पत्राचार गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई पत्राचार गरी निजी (संस्थागत) विद्यालयहरुमा लिइँदै आएको कानुनविपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन यही चैत २२ गतेको शिक्षा मन्त्रालयको निर्देशन कार्यान्वयन र अनुगमनका लागि आग्रह गरेको हो ।

इन्धन आपूर्तिको असहजताका कारण वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र सञ्चालन गर्न सोही दिनको नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भएको थियो ।

विद्यालय तहको सञ्चालन र अनुगमनका लागि स्थानीय तहलाई संविधानः अधिकार रहेको छ । नयाँ शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना नगर्न सर्वोच्च अदालतको आदेशको कार्यान्वयन गराउन शिक्षा मन्त्रालयले तदारुकता देखाएको हो । सरकारले विद्यमान कानुन विपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाएको हो ।




शिक्षा मन्त्रालयले प्रचलित कानुनअनुसार भर्ना भएपश्चात मात्र स्वीकृत गरिएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुँदाहुँदै विद्यार्थीबाट अग्रिम शुल्क असुल गरिएको, साथै स्वीकृत भएको भन्दा बढी शुल्क लिएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिएको गुनासो आएपछि कारबाही गर्न पहल गरेको हो ।

यस्तै एउटै विद्यालयमा एक पटक भर्ना भएपश्चात पनि पटकपटक भर्ना शुल्क लिएको जस्ता गुनासो आएको र सर्वोच्च अदालतबाट फैसला भए बमोजिम शैक्षिकसत्र सुरु नहुँदै भर्ना नगर्न, नियमविपरीत शुल्क नलिन, कानुनी प्रावधानभन्दा बाहिर हुनेगरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कारवाही गर्ने व्यवस्थाका लागि सम्पूर्ण स्थानीय तहलाई पत्राचार गरिएको हो ।

मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शैक्षिकसत्र प्रारम्भ भएपछि मात्रै विद्यार्थी भर्ना गराउन तथा शुल्क मापदण्ड विपरीत शुल्क नलिन व्यवस्था मिलाउन र गैह्रकानुनीरूपमा त्यसरी शुल्क लिइएको पाइए शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्ष ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्था बमोजिम कारवाही हुन सक्नेतर्फ समेत सचेत गराइएको बताए ।

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम ५४ को ४ र नियम ७८ को (ग) को व्यवस्था तथा सर्वोच्च अदालतको यही चैत २० गतेको आदेशको उल्लङ्घन गरी शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना गर्ने कार्यलाई पनि दण्डनीय हुनेतर्फ सचेत गराइएको छ । शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रका प्रवक्ता महेन्द्र सुवेदीले शिक्षा मन्त्रालयबाट भएको निर्देशनलाई कार्यान्वयनका क्रममा शिक्षा विकास तथा समन्वय विकास एकाइद्वारा आवश्यक समन्वय र सहजीकरण गरिने बताए । उनले वैशाख १५ गतेदेखि मात्रै विद्यार्थी भर्ना गर्न र कक्षा सञ्चालन गर्न सबै विद्यालयलाई आग्रह गरे । अधिकांश निजी विद्यालयमा भर्ना वैशाख १५ अगावै हुने स्थिति देखिन्छ ।

शिक्षाविद् डा बालचन्द्र लुईंटेलले शैक्षिकसत्रको सञ्चालनमा एकरूपता ल्याउन र निजी विद्यालयको शुल्क व्यवस्थापनमा नियमको पालना गराउनु राम्रो भएको बताए । उनले भने, 'शिक्षा जस्तो सामाजिक क्षेत्रमा नियमन गर्नु अत्यावश्यक छ । विगतका सरकारले भन्दा अहिलेको सरकारले कानुनको कार्यान्वयनमा तदारुकता देखाउनु सकारात्मक हो ।'

काठमाडौँको रानीदेवी माध्यामिक विद्यालयका प्रधानाध्यपक नारयणप्रसाद गौतमले वैशाख १५ गतेदेखि शैक्षिकसत्र सुरु गर्ने सरकारको निर्णय आफूहरुले कार्यान्वयन गर्ने तर भर्ना प्रक्रिया त्यसअघि नै थाल्ने तयारी गरेको बताए ।

उच्चशिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान) का महासचिव रामहरि सिलवालले शिक्षा क्षेत्र आफैँमा महत्त्वपूर्ण, गरिमामय र संवेदनशील क्षेत्र भएकाले यस्ता विषयमा निर्णय गर्दा सरकारले सरोकार भएका पक्षसँग संवाद गर्नु उचित भएको बताए । उनले विगतमा शैक्षिकसत्रको एक महिना अगाडिदेखि भर्ना लिइँदै आएकामा यस वर्ष वैशाख १५ देखि शैक्षिकसत्र सञ्चालन भनिएपछि यसको व्यवहारिक कार्यान्वयनमा अन्योल उत्पन्न भएको गुनासो गरे ।

विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिकसत्र सुरु नभएको तथा शिक्षा नियमावली बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतबाट अन्तरिम आदेश दिइएको थियो । यसअघि हरेक वैशाख २ गतेदेखि शैक्षिकसत्र सञ्चालन हुँदै आएको थियो । रासस

## लुम्बिनी प्रदेशसभाः

# बजेट, कानुन र सुशासनका विषयमा छलफल



**लुम्बिनी ।**
लुम्बिनी प्रदेशसभाको आजको बैठकमा प्रदेशसभा सदस्यहरूले समसामयिक राजनीतिक, आर्थिक तथा सामाजिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकमा प्रदेशसभा सदस्य दिलकुमारी बुढाले रुकुम पूर्वमा धेरै विकास योजना अलपत्र परेको बताइन् । उनले सामाजिक विकास डिभिजनअन्तर्गतका विद्यालय भवन निर्माण रोकिएको र मन्त्रालयमा पटकपटक पहल गर्दा पनि बजेट विनियोजन नभएको बताउँदै कार्यशैली परिवर्तन गर्न आवश्यक रहेको धारणा राखिन् ।

अर्का प्रदेशसभा सदस्य भण्डारीलाल अहिरले बजेटका कमजोरी सच्याउन र काम नगर्ने कर्मचारीलाई हटाउन सरकारलाई सुझाव दिए । यस्तै सञ्जुकुमारी चौधरीले स्वास्थ्यमा पहुँच र नागरिकलाई आत्मसम्मानसहित बाँच्न पाउने अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिइन् । प्रदेशसभा सदस्य अर्जुनकुमार केसीले कानुन र विधिअनुसार काम गर्न सरकारलाई आग्रह गरे । अर्का प्रदेशसभा सदस्य तारा थापाले राप्ती–४ मा भएको कुटपिटपछि हत्या घटनामा कारबाही प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गराइन् । साथै बाढीपहिरोबाट विस्थापितहरूको पुनः स्थापनामा सरकारले ध्यान दिनुपर्ने बताइन् ।

अर्का प्रदेशसभा सदस्य अम्बिका काफ्लेले युवालाई देशमै रोजगारी सिर्जना गर्न सरकारको जिम्मेवारी रहेको बताइन् । अर्का प्रदेशसभा सदस्य नवराज लामिछानेले कपिलवस्तुमा प्रहरीको गोली लागेर एक युवाको मृत्यु भएको घटनामा सङ्घीय सरकारको ध्यानाकर्षण गराए । प्रदेशसभा सदस्य सुशीला बादीले सृजना बुढामगर र इनिसा विकका घटनाप्रति गम्भीर ध्यानाकर्षण गराउँदै महिला हिंसा रोक्न प्रभावकारी पहल आवश्यक रहेको बताएन् । प्रदेशसभा सदस्य नरमाया ढकालले लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माणमा सरकारले भुक्तानी बाँकी राख्न नहुने धारणा राखिन् । प्रदेशसभा सदस्य लोकाकुमारी विश्वकर्माले महिला हिंसा बढ्दै गएको भन्दै नीतिगत सुधारमार्फत घटनामा कमी ल्याउन जोड दिइन् । साथै किसानले मल र बीउ अभाव झेल्नुपरेको समस्या समाधान गर्न आग्रह गरिन् । अर्का सदस्य वसन्ती न्यौपानेले सुशासन, सामाजिक न्याय र शान्तिको सुनिश्चितताका लागि ठोस पहल गर्नुपर्ने बताइन् । बैठकमा प्रदेश सरकारका वन तथा वातावरणमन्त्री देवकरणप्रसाद कलवारले 'प्रदेश वन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक'माथि सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरे । उक्त प्रस्तावमाथि छलफलमा भाग लिँदै सदस्य अर्जुनकुमार केसीले वन क्षेत्र रोजगारी सिर्जनाको महत्त्वपूर्ण स्रोत भएकाले यसलाई थप व्यवस्थित बनाउनुपर्ने धारणा राखे । छलफलमा उठेका प्रश्नहरूको जवाफ मन्त्री कलवारले दिएका थिए । रासस

# 'सभामुख पदको गरिमालाई उच्च बनाउन सकारात्मक भई काम गर्नेछु'

**काठमाडौँ ।**
सभामुख डोलप्रसाद आर्यालले संसदीय व्यवस्थामा सभामुख पदको गरिमालाई अझ उच्च बनाउने कार्यमा आफू सदैव सकारात्मक र सक्रिय रहने प्रतिबद्धता जनाएका छन् ।

सभाुमख पदमा निर्वाचित भएपछि प्रतिनिधिसभा बैठकमा उनले भने, संसदीय व्यवस्थाको सुन्दर पक्ष भनेको नीतिगत बहस, छलफल गर्ने र निष्कर्ष निकाल्ने हुन्छ । यस कार्यका लागि संसद् एक खुल्ला विश्वविद्यालय सरह रहने भएकाले आफू सदैव सकारात्मक भएर काम गर्नेछु । सत्तापक्षको गुण र दोषका आधारमा प्रतिपक्षले भुमिका निर्वाह गर्ने भएकाले समाजमा सुशासन कायम गरी विकसित राष्ट्र निर्माणमा सबै सांसदहरूको बराबरी र महत्त्वपूर्ण भूमिका रहन्छ ।



नेपालको संविधान, प्रतिनिधिसभा नियमावली र प्रचलित कानुनलाई मार्गदर्शन मानी समग्र संसदीय क्रियाकलाप सञ्चालन गर्ने उल्लेख गर्दै सभामुख अर्यालले संविधान र प्रचलित कानुनको अधिनमा रही राजनीतिक दलहरूसँगको आपसी सहयोग र समन्वयका आधारमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । उनले देशमा सुसाशन कायम गरी भ्रष्टाचार नियन्त्रण गरेर विकास निर्माणका गतिविधि सञ्चालन गर्ने र आवश्यक कानुन बनाउने थलो संसद् भएकाले सबै राजनीतिक दललाई रचनात्मक सहयोग र सहभागिताका लागि उनले आग्रह गरे ।

म कुनै राजनीतिक दलमा आबद्ध भएर निर्वाचित हुँदै प्रतिनिधिसभाको सहस्य भएको हुँ । अब म दलकोभन्दा राष्ट्रको सभामुख भएकाले यो गरिमामय पद र यसको जिम्मेवारी निर्वाह गरिरहँदा राजनीतिक दलमा सहभागी भएकै कारण सभाको मर्यादामा आँच आउन दिने छैन, सचामुख अर्यालले भने । उनले सबैको सुझावलाई तथष्टरूपमा कार्यान्वयन गर्दै सभामुख निष्पक्ष र स्वतन्त्र हुनुपर्ने बताए । सभामुख अर्यालले सांसद सङ्ख्याका आधारमा कुनै भेद्भाव नहुने बताउँदै सांसद सबैबाट सभा सञ्चालनका लागि क्रियाशिलता, रचनात्मक सहयोग र समन्वयको अपेक्षा गरे । संसद्मा जनताको प्रतिनिधित्व गरेर आएका कुनैपनि सदस्यलाई दलगत सहभागिताका आधारमा भेद्भाव नहुने उनको भनाइ छ ।

हामीले गर्ने प्रत्येक निर्णय र गतिविधि जनताले नजिकबाट अवलोकन गरिरहेका छन् । निर्वाचित प्रतिनिधिजनताले जिताएर पठाएका छन् । सबैले आफ्नो दायित्व आमनागरिकप्रति इमान्दर भएर निर्वाह गर्नुपर्छ, सभामुख अर्यालले भने । उनले हरेक नेपाली नागरिकले संसद्मा हुने छलफल र यहाँका गतिविधिमा आफ्नो सहभागिता रहेको महसुस गर्नेगरी काम गर्ने प्रतिबद्धता जनाए ।

सभामुख अर्यालले नयाँ कानुन निर्माण गर्नुभन्दा पहिला बनेका, हाल विद्यमान ऐन कानुनको समिक्षा र पुनरावलोकन गरी कुनकुन कानुन खारेज गर्ने, कुनकुन कानुनलाई एकिकृत गर्ने भन्नेबारेमा अध्ययन पुनरावलोकनसहित कानुनको निर्माणमा जुट्न सबैलाई आग्रह गरे । परिणाम प्राप्तिको लागि अझै पनि धेरै महत्वपूर्ण कानून निर्माण, संशोधन र परिमार्जन गर्न बाँकी छन् । त्यसैले समयबद्ध योजना बनाएर ती कार्यहरू सम्पन्न गर्न सबै माननीय सदस्यहरूको सक्रिय सहभागिता अपरिहार्य छ, संसद्लाई निष्क्रिय होइन, कार्यसम्पादनको केन्द्र बनाउनु आवश्यक छ । बहुदलीय शासन व्यवस्थामा जनताको अभिमत जाहेर हुने भएकाले सबै दलहरूसँगको समन्वयमा संसद्को गरिमा उचो राख्ने प्रतिबद्धता जनाए । उनले संसदमा उपस्थित राजनैतिक दल र सबै सदस्यबाट असल संवैधानिक अभ्यास हुने विश्वासपनि व्यक्त गरे । रासस

# राष्ट्रियसभाका अध्यक्षद्वारा उपाध्यक्षको गोपनीयताको शपथ

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलको समुपस्थितिमा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल समक्ष राष्ट्रिय सभाका नवनिर्वाचित उपाध्यक्ष लीला भण्डारीले मङ्गलबार पद तथा गोपनीयताको शपथ लिइन् । राष्ट्रपति भवन शीतल निवासमा मङ्गलबार आयोजित कार्यक्रममा उपाध्यक्ष भण्डारीले पद तथा गोपनीयताको शपथ लिएकी हुन् । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री बालेन्द्र शाह, प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल, कामु प्रधानन्यायाधिश सपना प्रधान मल्ल, मन्त्रीगण, सांसद, संवैधानिक निकायका प्रमुख एवम् उच्च सरकारी अधिकारीहरूको उपस्थिति थियो । रासस

# 'स्वास्थ्य चुनौती सम्बोधन गर्न सरोकारवालाबीच सहकार्य अपरिहार्य'

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताले संविधानमा प्रदत्त मौलिक हकको कार्यान्वयनमार्फत सबैका लागि स्वास्थ्य र सुरक्षित नेपाल निर्माण गरिने बताएकी छन् । विश्व स्वास्थ्य दिवस २०८२ का अवसरमा आयोजित कार्यक्रममा उनले पछिल्ला समय देखिएका स्वास्थ्य चुनौती समाधानका लागि सबै क्षेत्र र सरोकारवालाबीच सहकार्य अपरिहार्य रहेको बताइन् । मन्त्री मेहताले मानव, पशुपन्छी र वातावरण एक–अर्काबीच घनिष्ठ सम्बन्ध रहेकाले प्रकृति सुरक्षित र पशुपन्छी स्वस्थ नहुँदासम्म मावन जाति पूर्ण रूपमा स्वस्थ रहन नसक्ने बताइन् । जनावर तथा पशुपन्छीबाट मानवमा सर्ने रोगको जोखिम बढिरहेको उल्लेख गर्दै उनले जलवायु परिवर्तनका कारण कीटजन्य रोग वृद्धि भइरहेको धारणा राखिन् । वातावरणीय प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी समस्या, मुटु, मस्तिष्काघातजस्ता नसर्ने रोग बढिरहेका छन्, उनले भनिन्,




मानव र पशुन्छीमा एन्टीमाइक्रोबियल औषधिको अत्यधिक र जथाभावी प्रयोगले प्रतिजैविक प्रतिरोधले ठूलो समस्या निम्त्याएको छ, यसतर्फ अब सजग हुनुपर्छ । मन्त्री मेहताले रोगको सम्भावित जोखिम कम गर्न व्यक्तिगत सरसफाइमा ध्यान दिन, घरपालुवा जनावरलाई खोप लगाउन, स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै एन्टीबायोटिक औषधि प्रयोग गर्न र वातावरण स्वच्छ राख्नेतर्फ आमजनतालाई आह्वान गरिन् । 'मानव, पशुपन्छी र पर्यावरणको हित, विज्ञान र एक स्वास्थ्य हाम्रो जित' नाराका साथ नेपालसहित विश्वभर आज विभिन्न कार्यक्रम गरी दिवस मनाइँदै छ । रासस

# आलु उत्पादन वृद्धि हुने आशामा किसान उत्साहित



**रसुवा ।**
चैत महिनामा परेको वर्षाले यहाँका किसान यस वर्ष आलु उत्पादन बढ्ने आशामा उत्साहित देखिएका छन् ।

सोमबार परेको वर्षा र हिमपातले आलु बालीलाई आवश्यक चिस्यान पुगेकाले उत्पादन वृद्धि हुने आशा उत्तरी रसुवाका किसानको छ । उच्च भेगमा परेको हिउँले जमिनमा प्राकृतिक चिस्यान कायम राख्दा आलु खेतीलाई विशेष फाइदा पुग्ने बताइएको छ । उत्तरी रसुवाको गतलाङ क्षेत्रमा उल्लेख्य मात्रामा हिमपात भएको स्थानीय किसान मार लामाले बताए ।

विगत चार वर्षदेखि माथिल्लो क्षेत्रमा मात्र सीमित हिमपात यस पटक गाउँ आसपाससम्म देखिनु सकारात्मक रहेको स्थानीयको भनाइ छ । हाल आलु बाली गोडमेल गरी दाना लाग्ने चरणमा छ । यही समयमा परेको वर्षाले बोटलाई आवश्यक चिस्यान प्रदान गरेको हो ।

गतलाङ क्षेत्रमा आलु खनेपछि बन्दागोभी खेती गर्ने प्रचलन छ । यसका कारण यहाँ उत्पादन हुने आलु असारदेखि बजारमा आउने किसानले बताएका छन् । जसले किसानलाई थप आम्दानीको अवसर सिर्जना गरेको छ ।

कृषि विकास कार्यालय रसुवाले २०५० सालमा गतलाङ क्षेत्रलाई आलुको पकेट क्षेत्र घोषणा गरेपछि त्यहाँका ५०० भन्दा बढी घरपरिवारको आलु प्रमुख नगदे बाली हो । आलु बिक्री गरेर किसानले चामल खरिद गरी ल्याउने गरेका छन् । यस वर्ष ३०० ट्रकभन्दा बढी आलु उत्पादन हुने किसानले अनुमान गरेका छन् । रासस

# संविधानसभा सदस्य गमबहादुर श्रीस कृषि उद्यममा

**म्याग्दी ।**
म्याग्दीको मङ्गला गाउँपालिका–३ बरम्जामा संविधानसभा सदस्य गमबहादुर श्रीसले कृषि उद्यम सञ्चालन गरेका छन् । तत्कालीन नेकपा (माओवादी)ले सञ्चालन गरेको 'जनयुद्ध'मा भूमिगत, विसं २०६३ को अन्तरिम संसद् र २०६४ देखि २०७० सम्म संविधानसभा सदस्य रहेका श्रीसले राजनीतिज्ञसँगै कृषक र उद्यमलाई निरन्तरता दिएका हुन् ।

भूमिगत राजनीति र संविधानसभा सदस्यको कार्यकाल पूरा गरेपछि जन्मथलो फर्किएका उनले श्रीस कृषि तथा पशुपक्षी फार्म स्थापना गरेर बाख्रापालन र सुन्तला खेती गरेका छन् । मध्यमवर्गीय पृष्ठभूमिका श्रीसले आत्मनिर्भरता र जीविकोपार्जनका लागि बाख्रापालन र सुन्तला खेती रोजेको बताए । दुई वटा बाख्रा र एक लाख लगानीबाट सुरु भएको श्रीसको फार्ममा हाल ३० वटा बाख्रा छन् । वार्षिक १५ देखि २० वटा खसीबोका बिक्री गर्छन् । परम्परागत खाद्यान्न खेतीको विकल्पमा उनले खेतबारीमा लगाएको ३५० बोट सुन्तलाले उत्पादन दिन थालेका छन् ।

नागरिकको अवस्था सुधार, आर्थिक, सामाजिक रूपान्तरण र रोजगारी सिर्जनाका लागि कृषिमा आधारित उद्यमशिलतानै प्रमुख आधार हो,उनले भने पहाडी क्षेत्रमा आत्मनिर्भर र स्वरोजगारका लागि बाख्रापालन र सुन्तलाखेतीको सम्भावना देखाउनका लागि आफैँ अग्रसर भएको हो । खरी र जमुनापारि जातका बाख्रा पालेका छन् । केही समय खाद्यान्न पसलको डिलर सञ्चालन गरेका श्रीसले सुरुआतमा ताराखोलाबाट किनेर ल्याएको हावापानी नमिलेका कारण मरेर क्षति ब्यहोर्नु परे पनि निराश नभई व्यवसायलाई निरन्तरता दिएको सुनाए ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सहयोगमा आधुनिक र व्यवस्थित खोर निर्माण गरेका छन् । श्रीसको अगुवाइमा नमूना कृषक समूहमार्फत बरम्जाका १५ घरपरिवार किसानले व्यावसायिक बाख्रापालन गरेका छन् । बरम्जाका किसानले बाख्रापालन



र सुन्तला खेतीका अलावा गाईभैँसीपालन गरेर दूध उत्पादन गरि तातोपानी र बेनी बजारमा बिक्री गर्दै आएका छन् ।

श्रीसले खाली जमिनमा बाख्रालाई आवश्यक पर्ने घाँस खेती गर्नुभएको छ ।

श्रीससहित बरम्जाका किसानहरूलाई सुन्तला खेती विस्तार, बगैँचा सुदृढीकरण र सिँचाइ सुविधा विस्तारका लागि राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना र कृषि विकास कार्यालयले सघाएका छन् । बिहान–बेलुकी र फुर्सदको समयमा बाख्रा तथा सुन्तलाको स्याहार सुसारमा व्यस्त हुने श्रीस स्थानीय सामाजिक गतिविधि पनि संलग्न छन् । हाल नेपाली कम्युनिष्ट पार्टीको केन्द्रीय सदस्य रहेका श्रीसले राजनीतिसँगै कृषि उद्यमलाई विस्तार र निरन्तरताको योजना बनाएका छन् । माहुरीपालन सुरु गर्ने तयारीमा रहेका श्रीसलाई श्रीमती बिष्णुमती, छोरा र परिवारका सदस्यहरूले पनि साथ दिएका छन् । विद्यार्थीकालदेखि नै श्रीसमगर नेकपा (माओवादी) पार्टीमा आबद्ध भएका थिए । २०५८ सालदेखि उनी भूमिगत भएका थिए । रासस

# बीउ उत्पादन गर्दै सहकारी

**कैलाली ।**
कैलालीको जानकी गाउँपालिका–४ मुनुवामा रहेको बिज वृद्धि कृषक सहकारी संस्थाले दशकभन्दा लामो समयदेखि बीउ उत्पादनमा जोड दिँदै आएको छ ।

किसानलाई बीउ उत्पादनमा प्रोत्साहन गर्दै प्राविधिक सहयोग दिएर सहकारी संस्थाले बीउ उत्पादनमा जोड दिँदै आएको हो । खाद्यान्न, दलहन, तेलहन बालीको लागि सहकारीले उन्नत, प्रमाणित र मूल बीउ उत्पादन गर्दै आएको छ । सहकारीले आफ्नो प्राविधिकको निगरानीमा उत्पादन गर्दै आएको बीउ किसानबाट बजार मूल्यभन्दा रु ३०० बढी दिएर खरिद गर्ने गरेको छ । सहकारी संस्थामा आबद्ध १५० किसानले बीउ उत्पादनको काम गर्दै आएका छन् । सिजनअनुसार धान, गहुँ, तोरी, मसुरोलगायतको बीउ उत्पादन गर्दै आएका रतनबहादुर बढायक सहकारीले दिँदै आएको सेवाबाट प्रभावित छन् । खेती आफूले लगाउनु परे पनि समय समयमा हुने प्राविधिकको निगरानीले उत्पादन मासमेत वृद्धि हुने गरेको उनको भनाइ छ । किसानलाई आवश्यक मलको व्यवस्था पनि सकेसम्म सहकारी आफैँले गर्दै आएको छ ।



'बजारको समस्या छैन । उत्पादन सोचेभन्दा राम्रो हुन्छ । अझै राम्रो गर्न सके सहकारीले पुरस्कृतसमेत गर्छ' उनी भन्छन् । किसानको लागि सहकारीको काम निकै प्रशंसायोग्य छ । सहकारीलाई अहिले धानको बीउ ग्रेडिङमा भ्याइनभ्याइ छ । यस वर्ष चार हजार क्विन्टल धानको बीउ सहकारीले भण्डार गरेको छ ।

त्योमध्ये अधिकांश धानको बिक्री प्रक्रियामा गइसकेको सहकारीका व्यवस्थापक गोविन्दराज रावत बताउँछन् । झन्डै छ जातको धानको बीउ हामीसँग छ । अधिकांश बिक्री प्रक्रियामा गइसकेको छ । उनी भन्छन्, बर्सेनि बीउको माग बढ्दै गएको छ । सहकारीले मागअनुसार पु¥याउन सकेको छैन । व्यवस्थापक रावतका अनुसार सहकारीले किसानलाई उन्नतमा मोटो ७०, मध्यम ७३ र मसिनो प्रतिकेजी ८० रुपैयाँमा बिक्री गर्दै आएको छ । त्यसैगरी प्रमाणित बीउ प्रतिकेजी ७५, ७८ र ८५ रुपैयाँमा र मूल बीउ भने प्रति केजी ८०, ८३ र ९० रुपैयाँमा बिक्री गर्दै आएको छ । हाम्रो बीउ सुदूरपश्चिम प्रदेशसँगै कर्णाली, लुम्बिनी र मधेस प्रदेशसम्म पुग्ने गरेको छ, रावतले भने, अहिले स्थानीय सरकारले पनि बीउ खरिद गरेर लिने गरेको छ । अहिले भइरहेको माग पूरा गर्न सात हजार क्विन्टल धान र गहुँको बीउ उत्पादन गर्न सक्नुपर्छ । सहकारीले यस वर्ष रु एक करोड ४१ लाख ५९ हजार ६८८ को धानको बीउ किसानसँग खरिद गरेको थियो । गत वर्ष रु एक करोड २५ लाख ८४२ को गहुँको बीउ खरिद गरेको सहकारीले रु चार लाख ९४ हजार ५१५ को तोरीको बीउ किसानबाट खरिद गरेको सहकारीका अध्यक्ष विजयकुमार कठरियाले जानकारी दिए । सहकारीसँग पाँच हजार क्विन्टल बीउ भण्डार गर्ने क्षमताको गोदाम रहेको छ । विभिन्न सरकारी निकायबाट राम्रो अनुदान पाइरहेको सहकारीका लागि रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कृषि कार्यक्रम कार्यान्वयन एकाइ, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र कैलाली ठूलो सहयोगी दाताको रुपमा रहेको अध्यक्ष कठरिया बताउँछन् ।

गहुँ पाक्ने समयमा आएको यस वर्षको हावाहुरीका कारण गहुँमा ठूलो क्षति भएपछि बीउ सङ्कलन हुनेमा अध्यक्ष कठरियाले चिन्ता व्यक्त गरेका छन् । "पाँच हजार क्विन्टल गहुँको बीउ उत्पादन गर्ने लक्ष्य सहकारीले लिएको थियो । त्यसैअनुसार किसानलाई बीउ उत्पादनमा जोड दिएका थियौँ", उनले भने, "हावाहुरीले ९५ प्रतिशत गहुँमा क्षति पु¥याएपछि त्यो बीउ हुँदैन । बीउका लागि लगाएको किसानको गहुँ भने सहकारीले आफैँ खरिद गरेर बजारीकरण गरिदिने निर्णय गरेको छ । रासस

## शिक्षामन्त्रीले गरे फाप्ला क्रिकेट मैदानको अवलोकन

# प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता



**कैलाली ।**
शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले धनगढीमा निर्माणाधीन फाप्ला अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला तथा खेलग्रामको मंगलबार निरीक्षण गरेका छन् ।

त्यस अवसरमा उनले आगामी दिनमा सरकारले आयोजनालाई विशेष प्राथमिकतामा राखेर बाँकी काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री पोखरेलले भने, फाप्ला आयोजनाको जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) जस्ता प्राविधिक प्रक्रियाहरू सम्पन्न भइसकेका छन् । यो आयोजना राष्ट्रिय आयोजना बैङ्कमा समावेश भइसकेकाले अब सरकारले विशेष प्राथमिकतामा राखेर बजेट र कार्यान्वयनको पाटोलाई अगाडि बढाउनेछ ।

निरीक्षणका क्रममा उक्त क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण समितिका अध्यक्ष सुवास शाहीले परियोजना निर्माणबारे जानकारी गराएका थिए । उनले निर्माण भएपछि समग्र देशको आर्थिक विकासका लागि 'गेम चेन्जर' परियोजना हुने भन्दै सरकारले प्राथमिकतामा राखेर काम गर्ने विश्वास व्यक्त गरे । धनगढी उपमहानगरपालिका–३ मा निर्माण भइरहेको परियोजनाको जग्गा प्राप्ति, डिपिआर, इआइए जस्ता प्राविधिक प्रक्रियाहरू गत असार महिनामा पूरा भई राष्ट्रिय आयोजना बैङ्कमा समावेश भइसकेको छ ।

निरीक्षण टोलीमा प्रतिनिधिसभाका सदस्य आनन्दबहादुर चन्द र केपी खनाललगायत सहभागी थिए । धनगढी क्रिकेट एकेडेमी (डिसिए)का अध्यक्षसमेत रहनुभएका निर्माण समितिका अध्यक्ष शाहीको नेतृत्वमा विगतमा धनगढीको फाप्ला मैदानमा अन्तरराष्ट्रियस्तरको क्रिकेट रङ्गशाला निर्माणका लागि 'ड्रिम फाप्ला' अभियान अघि सारिएको थियो । खेलग्रामअन्तर्गत यहाँ अन्तरराष्ट्रिय मापदण्डअनुरुप ५० हजार दर्शक क्षमताको क्रिकेट रङ्गशाला चरणबद्ध रूपमा निर्माण गरिने लक्ष्य छ । यस्तै, रङ्गशालामा फुटबल मैदान, पौडी पोखरी, ट्र्याक एन्ड फिल्ड, मल्टी स्पोटर्स हल, स्पोटर्स म्युजियमलगाएतका पूर्वाधारहरू समावेश गरिने छन् । आयोजनाको लागत रु २६ अर्ब अनुमान गरिएको छ । रासस

# समयसीमाबीच इरान अडिग

**तेहरान ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको नागरिक पूर्वाधार ध्वस्त पार्ने चेतावनीसहित दिएको कडा समयसीमा नजिकिँदै गर्दा पनि तेहरानले आफ्नो अडान नछाड्ने सङ्केत दिएको छ । होर्मुज जलडमरूमध्य खोल्न दबाब बढ्दै जाँदा इरानले त्यसलाई बेवास्ता गर्दै सैन्य कारबाही जारी राख्ने जनाएको छ । इरानी सेनाले ट्रम्पको अभिव्यक्तिलाई 'अहंकारी र आधारहीन धम्की' भन्दै अस्वीकार गरेको छ । उनीहरूले पाँच हप्ताभन्दा बढी समयदेखि अमेरिका र इजरायलविरुद्ध जारी सैन्य कारबाहीमा कुनै कमी नआउने स्पष्ट पारेका छन् ।

ट्रम्पले मङ्गलबार मध्यरातसम्म इरानले रणनीतिक जलमार्गमा स्वतन्त्र आवागमन सुनिश्चित नगरे देशको महत्त्वपूर्ण पूर्वाधार 'पूर्ण रूपमा ध्वस्त' पारिने चेतावनी दिएका छन् । उनले इरानका पुल र विद्युत् केन्द्रहरू चार घण्टाभित्र नष्ट गर्न सकिने दाबीसमेत गरे । यस चेतावनीको जवाफमा इरानी सेनाको खताम अल–अन्बिया केन्द्रीय कमान्डले ट्रम्पलाई 'भ्रमपूर्ण' भन्दै अमेरिका र इजरायलविरुद्धको अभियान जारी रहने बताएको छ । उनीहरूले यसलाई 'इस्लामका योद्धाहरूको दमन अभियान' को निरन्तरता भएको उल्लेख गरेका छन् । यसैबीच, इजरायलले तेहरानसहित विभिन्न क्षेत्रमा इरानी 'सैन्य पूर्वाधार' लक्षित गर्दै नयाँ हवाई आक्रमणको लहर सुरु गरेको जनाएको छ । इरानी सञ्चारमाध्यमहरूका अनुसार तेहरान र नजिकको कराज क्षेत्रमा विस्फोटका आवाज सुनिएका छन् । इजरायली सेनाले इरानबाट आफ्नो क्षेत्रतर्फ प्रहार गरिएका क्षेप्यास्त्रहरूलाई हवाई सुरक्षा प्रणालीमार्फत अवरोध गर्ने प्रयास भइरहेको जनाएको छ । खाडी क्षेत्रभरि तनाव चुलिँदै जाँदा बहराइनमा हवाई आक्रमणको साइरन बजाइएको छ भने संयुक्त अरब इमिरेट्सले मिसाइल र ड्रोनलाई रोक्न सक्रिय रहेको जनाएको छ ।



साउदी अरबले पनि आफ्नो पूर्वी क्षेत्रमा प्रक्षेपण गरिएका सातवटा ब्यालेस्टिक मिसाइलहरू अवरोध गरी नष्ट गरेको दाबी गरेको छ, जसका भग्नावशेष ऊर्जा संरचनानजिक खसेको बताइएको छ । कूटनीतिक प्रयासतर्फ, प्रस्तावित ४५ दिने युद्धविराम अझै टुङ्गोमा पुगेको छैन । पाकिस्तान, इजिप्ट र टर्कीको मध्यस्थतामा आएको प्रस्तावलाई सुरुमा सकारात्मक सङ्केत दिइए पनि पछि ट्रम्पले त्यसलाई पर्याप्त नभएको बताए । इरानले पनि युद्धविराम अस्वीकार गर्दै द्वन्द्वको 'निश्चित अन्त्य' आवश्यक रहेको जनाएको छ ।

अमेरिकी सञ्चारमाध्यम न्युयोर्क टाइम्सका अनुसार इरानले भविष्यका आक्रमण रोक्ने ग्यारेन्टी र दक्षिणी लेबनानमा आफ्नो सहयोगी हिजबुल्लाहमाथि हुने आक्रमण अन्त्य गर्न माग राखेको छ । प्रस्तावअनुसार इरानले होर्मुज जलडमरूमध्य पुनः खोल्दै प्रत्येक जहाजबाट करिब २० लाख डलर शुल्क लिने र त्यसलाई ओमानसँग बाँड्ने योजना रहेको बताइएको छ । यसै सन्दर्भमा संयुक्त राष्ट्र सुरक्षा परिषद्ले होर्मुज क्षेत्रमा उत्पन्न सङ्कटबारे प्रस्तावमाथि मतदान गर्ने तयारी गरेको छ । प्रारम्भिक मस्यौदामा बल प्रयोगको अनुमति दिने प्रावधान भए पनि स्थायी सदस्य राष्ट्रहरूको आपत्तिपछि त्यसलाई कमजोर बनाइएको स्रोतहरूले बताएका छन् ।

फेब्रुअरी २८ देखि सुरु भएको द्वन्द्वपछि इरानले उक्त जलमार्ग प्रभावकारी रूपमा अवरुद्ध गर्दै आएको छ, जसका कारण विश्वव्यापी तेल तथा ग्यास आपूर्ति प्रभावित भएको छ । विश्वको करिब पाँचौँ भाग तेल आपूर्ति यही मार्गबाट हुने भएकाले यसको प्रभाव विश्व बजारमा प्रत्यक्ष देखिएको छ । यसबीच, इरानले अमेरिकी धम्कीलाई 'राज्य आतङ्कवाद' को संज्ञा दिँदै त्यसले युद्ध अपराध र मानवीय सङ्कट निम्त्याउने चेतावनी दिएको छ । इरानी रिभोलुसनरी गाड्र्सले हालैको आक्रमणमा आफ्ना गुप्तचर प्रमुख माजिद खादेमिको मृत्यु भएको पुष्टि गर्दै 'कडा प्रतिकार' गर्ने जनाएको छ ।

इजरायलले भने कुद्स फोर्सका वरिष्ठ कमान्डर असगर बघेरी मारिएको दाबी गरेको छ । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इजरायलमाथि आक्रमण गर्ने जो कोहीलाई पनि जहाँसुकै पुगेर कारबाही गरिने चेतावनी दिएका छन् । यो अवस्थाले क्षेत्रीय द्वन्द्व थप चर्किने र विश्व ऊर्जा सुरक्षामा गम्भीर असर पर्ने सङ्केत देखिएको छ । रासस

# भारत आणविक इन्धन आत्मनिर्भरतातर्फ

**नयाँदिल्ली ।**
भारतले आफ्नै आणविक इन्धन उत्पादनतर्फ महत्त्वपूर्ण फड्को मारेको छ । घरेलु प्रविधिबाट डिजाइन गरिएको प्रोटोटाइप फास्ट ब्रिडर रिएक्टर (पिएफबिआर) ले सफलतापूर्वक नियन्त्रित आणविक शृङ्खला प्रतिक्रिया सुरु गरेको छ । यसलाई 'क्रिटिकल' अवस्था भनिन्छ । यो चरण पार गर्नु विद्युत् उत्पादन सुरु हुनु अघि अत्यन्तै महत्त्वपूर्ण मानिन्छ ।

ऊर्जा माग तीव्र गतिमा बढिरहेको र हरितगृह ग्यास उत्सर्जनमा विश्वमै तेस्रो स्थानमा रहेको भारतले सन् २०४७ सम्म आफ्नो आणविक ऊर्जा क्षमता हालको करिब आठ गिगावाटबाट १०० गिगावाट पु¥याउने लक्ष्य राखेको छ । यस्तो अवस्थामा यो प्रगतिलाई दीर्घकालीन ऊर्जा सुरक्षातर्फ रणनीतिक कदमका रूपमा हेरिएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले कलपक्कमस्थित उक्त रिएक्टरले 'क्रिटिकल' अवस्था हासिल गरेको जानकारी दिँदै यसलाई भारतको असैन्य आणविक कार्यक्रमको दोस्रो चरणतर्फको निर्णायक प्रगति बताए । उनका अनुसार यो उपलब्धिले स्वदेशी वैज्ञानिक क्षमता र इन्जिनियरिङ दक्षताको स्पष्ट झल्को दिन्छ ।



उनले सो रिएक्टरको विशेषता उल्लेख गर्दै यसले प्रयोग गरिएकोभन्दा बढी इन्धन उत्पादन गर्न सक्ने बताए । यसलाई भविष्यमा भारतका विशाल थोरियम भण्डारको उपयोगतर्फ मार्गप्रशस्त गर्ने महत्वपूर्ण आधारका रूपमा पनि व्याख्या गरिएको छ । थोरियमलाई दीर्घकालीन रूपमा सुरक्षित र सम्भावनायुक्त आणविक इन्धन मानिन्छ ।

हाल उक्त रिएक्टरबाट व्यावसायिक रूपमा विद्युत् उत्पादन सुरु भइसकेको छैन । प्राविधिक रूपमा पूर्ण क्षमतामा सञ्चालनमा पुगेपछि मात्र यसले राष्ट्रिय ग्रिडमा बिजुली आपूर्ति गर्ने अपेक्षा गरिएको छ । विश्वव्यापी रूपमा ऊर्जा आपूर्ति अस्थिर भइरहेका बेला, विशेषगरी मध्यपूर्वमा जारी द्वन्द्वका कारण इन्धन आपूर्तिमा अनिश्चितता बढिरहेका सन्दर्भमा भारतको यो उपलब्धि अझ महत्त्वपूर्ण मानिएको छ । हालसम्म भारतको ऊर्जा संरचना कोइलामा अत्यधिक निर्भर रहे पनि उसले सन् २०७० सम्म 'शुद्ध–शून्य' उत्सर्जन लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गरिसकेको छ । यस्तो लक्ष्य पूरा गर्न आणविक ऊर्जालाई वैकल्पिक तथा दीगो स्रोतका रूपमा विस्तार गर्ने नीति अगाडि सारिएको छ । रासस

# पत्रकार लेखनवृत्ति कार्यक्रम



**गण्डकी ।**
गण्डकी प्रदेश सरकारअन्तर्गत रहेको प्रेस रजिष्ट्रारको कार्यालयले पत्रकार लेखनवृत्ति कार्यक्रम सुरु गरेको छ । प्रदेशमा क्रियाशील पत्रकारहरूलाई खोजमूलक, अनुसन्धानमूलक र आलेखजन्य सामग्री उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यले उक्त कार्यक्रम सुरु गरिएको हो । लेखनवृत्ति प्रदानका लागि छुट्टै कार्यविधि बनाएर काम थालिएको प्रेस रजिष्ट्रार विमला भण्डारीले बताइन् । चालु आर्थिक वर्षमा प्रदान गरिने लेखनवृत्तिका लागि इच्छुक पत्रकारहरूलाई आवेदन दिन गत आइतबार १५ दिने सूचना प्रकाशन गरिएको उनको भनाइ छ ।

लेखनवृत्ति कार्यक्रममा सहभागी हुनलाई प्रदेशभित्र सञ्चारमाध्यममा कार्यरत पत्रकार हुनुपर्ने प्रावधान राखिएको छ । कुनै सञ्चारमाध्यममा आबद्ध नभए पनि तीन वर्षदेखि पत्रकारितामा क्रियाशील रहेको स्वतन्त्र पत्रकारले पनि आवेदन दिन सक्ने प्रेस रजिष्ट्रारको कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम र पत्रकार लेखन वृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि–२०८२ बमोजिम लेखनवृत्ति प्रदान गर्न लागिएको प्रेस रजिष्ट्रार भण्डारीले बताइन् । लेखनवृत्ति कार्यक्रममा छापा, रेडियो, टेलिभिजन, अनलाइन र फोटो पत्रकारितामा सक्रिय पत्रकारलाई समेटिने भएको छ ।

लेखनवृत्ति कार्यक्रममा सहभागी हुन चाहने पत्रकारले कार्यविधिले तोकेबमोजिमको निवेदन, कार्यक्षेत्र, अनुभव र जिम्मेवारी खुल्ने विवरण, लेखन तथा प्रसारण गर्न चाहेको विषयको ३०० शब्दसम्मको अवधारणा, पत्रकार परिचयपत्रको प्रतिलिपि स्वतन्त्र पत्रकारको हकमा ३ वर्ष क्रियाशील रहेको प्रमाण, नागरिकता र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि बुझाउनुपर्ने जनाइएको छ ।

छनोट भएका पत्रकारले कार्यविधिले तोकेको समयभित्र खोजमूलक सामग्री तयार गरी प्रकाशन वा प्रसारण गर्नुपर्ने प्रेस रजिष्ट्रारको कार्यालयले जनाएको छ । छनोट हुने पत्रकारलाई प्रतिव्यक्ति बढीमा रु २५ हजार प्रदान गरिने भएको छ । विज्ञहरूको समितिले लेखनवृत्ति प्राप्त गर्ने पत्रिकाहरूको नाम छनोट गर्नेछ । रासस

# आदिवासी जनजाति महासंघ, संघीय परिषद् सचिवालय नेतृत्वको औपचारिक घोषणा

**काठमाडौं ।**
नेपाल आदिवासी जनजाति महासङ्घ (नेफिन) ले आफ्नो २१ सदस्यीय सङ्घीय परिषद् सचिवालय सार्वजनिक गर्दै आगामी कार्यदिशा र योजनाहरू प्रस्तुत गरेको छ । मंगलबार काठमाडौंस्थित महासङ्घको केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा नयाँ नेतृत्वको औपचारिक घोषणा गरिएको हो ।

यही चैत ५ गते सम्पन्न एघारौँ राष्ट्रिय महाधिवेशनले निमा लामा ह्योल्मोको नेतृत्वमा नयाँ सङ्घीय परिषद् सचिवालय चयन गरेको थियो । सोही निर्णयअनुसार आज औपचारिक रूपमा पदाधिकारीहरूको नामावली सार्वजनिक गरिएको हो ।

नवगठित सचिवालयको अध्यक्षमा ह्योल्मो, वरिष्ठ उपाध्यक्षमा दिलबहादुर गुरुङ । उपाध्यक्षहरूमा अमृतबहादुर सुनुवार, आङपासाङ शेर्पा, चन्द्रलाल राजभण्डारी (नेवार), चिनिमाया माझी, जुनिता राई,



मनमाया छन्त्याल र रामकुमारसिंह दनुवार चयन भएका छन् । यस्तै, महासचिवमा विमल सारुमगर, उप–महासचिवमा गणेश कुमाल, सचिवहरूमा चकचकी राजवंशी, छेवाङ बुम्छोक गुरुङ (डोल्पो), जसवी मण्डल (जस्मिन) गन्गाई, बिना मम्बा तामाङ, महेन्द्र दुरा, शिवचन्द्र मण्डल (धानुक), सन्तबहादुर चेपाङ तथा शैलेन्द्रकुमार ताजपुरिया रहेका छन् ।

यसैगरी, कोषाध्यक्षमा मिङमा कामी शेर्पा ढोक्पया र सह–कोषाध्यक्षमा प्रभातकुमार चौधरी चयन भएका छन् । पत्रकार सम्मेलनमा अध्यक्ष ह्योल्मोले आदिवासी जनजाति समुदायको अधिकार, पहिचान, समृद्धि तथा स्वशासन सुनिश्चित गर्न महासङ्घ दृढतापूर्वक अघि बढ्ने बताए ।

उनले आगामी दिनमा नीति निर्माण तहमा आदिवासी जनजातिको प्रभावकारी सहभागिता सुनिश्चित, सामाजिक न्यायको आधार सुदृढ तथा सांस्कृतिक पहिचान संरक्षणमा विशेष जोड दिइने बताए ।

अध्यक्ष ह्योल्मोले भने, 'हामी आदिवासी जनजातिको अधिकार, पहिचान र स्वशासन सुनिश्चित गर्न प्रतिबद्ध छौँ । समुदायको स्वाभिमान र आत्मनिर्भरता मजबुत बनाउने दिशामा योजनाबद्ध रूपमा अघि बढ्नेछौँ ।'

महासङ्घले आगामी कार्ययोजनाअन्तर्गत सङ्घीयता कार्यान्वयनमा आदिवासी जनजातिको भूमिका सुदृढ गर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी तथा भाषा–संस्कृति संरक्षणमा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने जनाएको छ ।

साथै, स्थानीय, प्रदेश र सङ्घीय तहमा नीति तथा कानुन निर्माण प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्ने लक्ष्य पनि सार्वजनिक गरिएको छ । रासस

# 'संविधानले नै श्रमिकलाई ट्रेड युनियन खोल्ने अधिकार सुनिश्चित गरेको छ'




**काठमाडौँ ।**
नेपाल ट्रेड युनियन कांग्रेसले नेपालको संविधानमा नै श्रमिकलाई ट्रेड युनियन खोल्ने अधिकार सुनिश्चित गरेकाले यो अधिकार खोस्न नहुनेमा जोड दिएको छ ।

युनियनले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा संविधानको धारा ३४ (३) ले श्रमिकलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदावाजी गर्न पाउने हकको ग्यारेन्टी गरेकाले ट्रेड युनियन खारेज गर्न नहुने स्पष्ट पारेको हो ।

युनियनका अध्यक्ष योगेन्द्रकुमार कुँवरले शासकीय सुधारका दृष्टिले सरकारले ल्याएका कार्यक्रम राम्रा भए पनि बुँदा नं १२ मा ट्रेड युनियन खारेज गर्ने निर्णय श्रमिकलाई मान्य नहुने बताए ।

'हामीले दलीय ट्रेड युनियन हुनुपर्छ भनेका छैनौँ, तर ट्रेड युनियन खारेज गर्नुपर्छ भन्ने निर्णयमा हाम्रो आपत्ति हो', उनले भने, 'त्यसैले हाम्रो संगठन स्वतन्त्र तथा पेसागत ट्रेड युनियन आन्दोलनको पक्षमा सधैँ दृढ छ ।'

युनियनका महासचिव अजयकुमार राईले सरकारले ट्रेड युनियन खारेजसम्बन्धी गरेको निर्णय नेपालको संविधान र अनुमोदित अन्तरराष्ट्रिय महासन्धिसँग पनि मेल नखाने बताए ।

सरकारको उक्त घोषणाले अन्तर्राष्ट्रिय ट्रेड युनियनले पनि चासो राखेको र नेपालको ट्रेड युनियन आन्दोलनप्रति ऐक्यबद्धता जनाएको पनि उनले बताए । रासस

# सर्वसाधारणलाई सर्प पहिचानसम्बन्धी तालिम सञ्चालन

**टीकापुर ।**
कैलालीको टीकापुर नगरपालिकामा सर्पदंशबाट जोगिन सर्वसाधारणलाई सर्प पहिचान गर्ने तरिकाबारे तालिम सञ्चालन गर्न थालिएको छ । नगरपालिकाले नगर प्रहरी, बडघर, टोल विकास संस्थाका पदाधिकारी, शिक्षक, विद्यार्थी तथा युवालाई विषालु र अविषालु सर्प पहिचान गर्ने, सर्पको टोकाइबाट बच्ने उपाय, डसी हालेमा मानिस र सर्प उद्धार कसरी गर्ने भन्नेबारे तालिम दिन थालेको हो ।

टीकापुर नगरपालिका–१ ले चालु वर्षमा विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गरेको थियो । वडाले गर्मीयाम सुरु भएकाले सर्पदंशको जोखिमबाट बच्न सर्वसाधारणलाई पूर्वतयारी गर्न सहज होस भनी १०० वटा टोल विकास संस्था, बडघर, सामुदायिक प्रशिक्षकलाई सर्प पहिचानबारे तालिम दिन थालेको हो ।

यहाँ सर्पदंशको जोखिम धेरै छ, मानिसले सर्प देख्ने बित्तिकै मार्ने चलन छ", वडाध्यक्ष मोहन लुहार विकले भने, सर्प चिनेमा समयमै उपचारमा सहयोग हुन्छ । अनि सर्प पनि वातावरणका लागि महत्वपूर्ण हुन्छन् भन्ने ज्ञान दिन तालिम दिएका हौँ ।

टीकापुर नगरपालिका तराई क्षेत्र भएकाले विषालु सर्पको जोखिम छ । यहाँ सर्पले डसेको मानिस आत्तिने र कतिपय अविषालु सर्प पनि हुने भएकाले सर्प उद्धार गर्ने जनशक्ति नभएकाले उद्धारकर्ता तयार गर्न थालिएको हो । हरेक नागरिकलाई सर्पको डसाइबाट जोगिन सचेतना फैलाउने र सर्प चिन्न सहज होस् भनी प्रधानाध्यापक, टोल विकास संस्थालगायतलाई तालिम दिइएको प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले जानकारी दिए । "हामीले युवालाई सर्प उद्धारकर्ता तालिम दिनका लागि सूचना आह्वान गरेका छौँ, उनले भने, अहिले एकजना मात्र उद्धारकर्ता छन् । उनी एक्लैलाई घरभित्र सर्प पसेमा उद्धार गर्न टाढासम्म जान कठिन र भ्याइनभ्याइ हुन्छ ।

यहाँस्थित टीकापुर अस्पतालमा सर्पदंशको उपचार सेवा छ । अस्पतालका मेडिकल रेकर्डर तथा सूचना अधिकारी पदमराज भट्टका अनुसार अस्पतालतमा चालु आर्थिक वर्षमा हालसम्म ४७ जना सर्पदंशका बिरामी उपचारका लागि आएका छन् । नगरपालिकाले २० जनालाई तालिम दिएपछि दुर्घटना बिमा गरेर, हरेक वडालाई पायक पर्ने गरी उद्धारमा स्वयमसेवकका रुपमा परिचालन गर्ने वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख निर्मला चौधरीले जानकारी दिए । रासस

# बहुसांस्कृतिक सङ्ग्रहालय निर्माण सुरु

**खोटाङ ।**
विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसीस्थित ककनीडाँडामा निर्माणाधीन बुङालुङ पार्क (ढुङ्गे बगैँचा)मा बहुसांस्कृतिक सङ्ग्रहालय निर्माण सुरु गरिएको छ । धार्मिक तथा पर्यटकीयस्थल बुङालुङ पार्कमा कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँगको साझेदारीमा हलेसी तुवाचुङ नगरपालिकाले बहुसांस्कृतिक सङ्ग्रहालय निर्माणको काम सुरु गरेको हो ।

बहुसांस्कृतिक सङ्ग्रहालय भवन निर्माणका लागि कोशी प्रदेश सरकार र नगरपालिकाले एक÷एक करोड रूपैयाँ बजेट उपलब्ध गराएको नगरप्रवक्ता एवम् वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए । नगरप्रवक्ता गिरीका अनुसार प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट गङ्गा–जमुना निर्माण सेवा ताप्लेजुङले ९० लाख रूपैयाँ तथा नगरपालिकाले विनियोजन गरेको बजेटबाट सुदेवी कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रालिले ८० लाख ८१ हजार रूपैयाँमा सङ्ग्रहालय भवन निर्माणको जिम्मा लिएको छ ।

गत फागुन २२ गते सम्झौता गरेर निर्माण सुरु गरिएको सङ्ग्रहालयको काम आगामी जेठ मसान्तभित्र सम्पन्न गर्नुपर्ने ठेकेदार कम्पनीसँग गरिएको सम्झौतामा उल्लेख छ । प्रदेश सरकारले उपलब्ध गराएको बजेटबाट एउटा तथा नगरपालिकाले उपलब्ध गराएको बजेटबाट दुईवटा सङ्ग्रहालय भवन निर्माण हुने नगरपालिकाले जनाएको छ । बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक पहिचानलाई संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यसहित बुङालुङ पार्कमा बहुसांस्कृतिक सङ्ग्रहालय निर्माणको काम सुरु गरिएको नगरप्रमुख विमला राईले जानकारी दिए ।

'स्थानीय संस्कृति, इतिहास, परम्परा र विभिन्न समुदायको जीवनशैलीलाई संरक्षण गर्दै पर्यटन प्रवर्धन गर्ने योजना बनाएका छौँ । बहुसांस्कृतिक सङ्ग्रहालय भवनले हलेसी क्षेत्रको सांस्कृतिक पर्यटन विकासमा महत्वपूर्ण योगदान पु¥याउने अपेक्षा गरिएको छ', उनले भने,'नगरपालिकाले यो परियोजनालाई आफ्नो गौरवको योजनाका रूपमा अघि बढाएको छ । निर्धारित समयमै निर्माण सम्पन्न गराएर सञ्चालनमा ल्याउन ठेकेदार कम्पनीलाई ताकेता गरिरहेका छौँ ।'

हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल




हलेसीबाट करिब ३० मिनेटको उकालो पैदल यात्रामा पुगिने पर्यटकीयस्थल ककनीडाँडामा निर्माणाधीन बुङालुङ पार्कमा बहुसांस्कृतिक सङ्ग्रहालय निर्माण सुरु भएपछि स्थानीयवासी हर्षित भएका छन् । लामो समयअघि देखि स्थानीय बासिन्दा घुमफिर र पिकनिक (वनभोज) जाने पर्यटकीयस्थल ककनीडाँडालाई स्तरोन्नति गरेर आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षकस्थल बनाउन हलेसी तुवाचुङ नगरपालिका लागिपरेको हो ।

प्राकृतिक रूपमै सजिसजाउ भएका ढुङ्गालाई थप सजाउने, ढुङ्गाका बीचबीचमा सुहाउँदो फूल रोप्ने, ठाउँ–ठाउँमा ढुङ्गे गेट (प्रवेशद्वार) बनाउने, ढुङ्गे धारा निर्माण गर्ने, ढुङ्गा कुँदेर महादेवलाई भस्मासुरले लखेटेको दृश्य झल्काउने मूर्ति बनाउने, प्राकृतिक ढुङ्गालाई नचलाईकन कालो, सेतो र रातो रङको ढुङ्गा मिश्रण गरेर फूलको आकृति बनाउने, विभिन्न कला तथा संस्कृति झल्कने सजावट गर्नेलगायतका काम भइरहेको छ ।

हलेसी तुवाचुङ नगरपालिका–७ महादेवस्थानमा पर्ने पर्यटकीयस्थल ककनीडाँडामा निर्माणाधीन ढुङ्गे बगैँचालाई नगरपालिकाले 'बुङालुङ' पार्क नामकरण गरेको हो । विश्वको सर्वोच्च शिखर सगरमाथालगायत उच्च हिमाली क्षेत्रको तस्बिर खिच्न, दृश्यावलोकन गर्न र रम्नका लागि ढुङ्गाकै स–साना गेट निर्माण गर्ने, ढुङ्गे बगैँचाका रूपमा विकास गर्न चारैतिर घेराबार तथा पर्खाल लगाउने, एक क्षेत्रबाट अर्को क्षेत्र पुग्न ढुङ्गाकै कलात्मक सिँढी निर्माण गर्ने, पर्यटक बिसाउने वा 'रिल्याक्स' गर्नका लागि ठाउँठाउँमा काठका बिसौनी बनाउने काम सम्पन्न गरिएको छ । यसबाहेक ढुङ्गे बगैँचामा विद्युत्, पिउनेपानीको व्यवस्था, विश्रामस्थल, केबुलकार, भोजनालय, कफी सपलगायतका संरचना निर्माण गर्नेसम्मको परिकल्पना गरिएको छ । भस्मासुर राक्षसले महादेवलाई लखेट्दा ककनीडाँडामा महादेवको पाइला परेपछि ढुङ्गाको कलात्मक आकृति निस्किएको किंवदन्ती छ । निर्माणाधीन अवस्थामै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको बुङालुङ पार्क हलेसी भएर जाने नेपाल सरकारको १०० पर्यटकीय गन्तव्य मुन्दुम ट्रेल (पदमार्ग)को प्रवेशस्थलमा पर्दछ ।

किराती सभ्यतासँग सम्बन्धित मुन्दुम ट्रेल हलेसीबाट सुरु भएर रूपाकोट, टेम्के, मैयुङ हुँदै सालपा सिलिचुङसम्मको निर्धारण गरिएको छ । त्रिधार्मिकस्थल हलेसी र ककनीडाँडा नजिकै किरात सभ्यताको उद्गमस्थल मानिने तुवाचुङ–जायजुम अवस्थित छ । फलामे डण्डी तथा तार प्रयोग गरेर निर्माण गरिएका घेराबाराभित्र रहेको बुङालुङमा गार्ड हाउस (सुरक्षाकर्मी), रेष्टुरेन्ट, प्रमुख प्रवेशद्वार, शौचालय, टिकट काउन्टर निर्माण गरिएको छ ।

बुङालुङ पार्कबाट सर्वोच्च शिखर सगरमाथालगायत विभिन्न हिमशृङ्खला, छिमेकी जिल्लाहरू सोलुखुम्बु, ओखलढुङ्गा, भोजपुर र रामेछाप तथा तराईका विभिन्न फाँट सजिलै अवलोकन गर्न सकिन्छ । निर्माणाधीन बुङालुङ पार्क काठमाडौंबाट मध्यपहाडी लोकमार्गमार्फत गाडीमा सिन्धुली–खुर्कोट–घुर्मी–जयराम घाट हुँदै आउन सकिन्छ । तराईका जिल्लाहरूबाट सिराहको मिर्चैया–उदयपुरको कटारी–घुर्मी–जयरामघाट तथा धरान–धनकुटा–भोजपुर–चखे वाभञ्ज्याङ–दिक्तेल हुँदै पनि हलेसी आउन सकिन्छ ।

निर्माणाधीन अवस्थामै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा परेको बुङालुङ पार्क मध्यपहाडी लोकमार्गअन्तर्गत जयरामघाट–हलेसी सडकदेखि पैदल यात्रा गरेर २०÷२५ मिनेटमा र सवारी साधनमा करिब १० मिनेटमा पुगिन्छ । चट्टानै–चट्टानको प्राकृतिक संरचनामध्ये ५६ रोपनी जग्गालाई समेटेर बुङालुङ पार्क बनाउनेगरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको छ । सङ्घ, प्रदेश र स्थानीय सरकारको संयुक्त लगानीमा निर्माण सुरु गरिएको बुङालुङ पार्कमा दैनिक सयौँको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको स्थानीयले बताएका छन् ।

निर्माणाधीन अवस्थामै रहेको बुङालुङ पार्कका आकर्षक तस्बिरहरू सामाजिक सञ्जालहरूमा छ्यापछ्याप्ती भेटिन थालेका छन् । हलेसी तुवाचुङ नगरपालिकाले सुरु गरेको धार्मिक तथा पर्यटकीयस्थलहरूको स्तरोन्नतिसहित पर्यटन प्रवद्र्धनका कामलाई जिल्लामा निकै महत्वका साथ हेरिएको छ । नगरपालिकाले सुरु गरेको पर्यटन प्रवद्र्धनका काममा प्रदेश तथा सङ्घीय सरकारले लगानी गरेपछि जिल्लाका पर्यटन व्यवसायीहरू उत्साहित बनेका छन् । रासस

# १४ हजार बालबालिकाको जन्मजात मुटु रोग परीक्षण गरिँदै

**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले १४ हजार बालबालिकाको जन्मजात मुटु रोग तथा बाथ मुटु रोग परीक्षण गर्ने भएको छ । कामपा स्वास्थ्य विभागका अनुसार नसर्ने रोगबाट जनस्वास्थ्यमा पर्ने क्षति कम गराउनका लागि कामपाले जन्मजात मुटु रोग परीक्षण गर्ने तयारी गरेको हो ।

विभागका प्रमुख दीपक केसीका अनुसार विद्यालय उमेरका १४ हजार बालबालिकाको जन्मजात मुटु रोग तथा बाथ मुटु रोगको परीक्षण (आरएचडी÷सिएचडी स्क्रीनिङ्) गराउने भएको छ । ४१ वटा सामुदायिक विद्यालयमा यो कार्यक्रम सञ्चालन हुने प्रमुख केसीले जानकारी दिए । यससँगै ३२ वडाका १५ ठाउँमा महिला मुटुरोग सचेतना कार्यक्रम (गो रेड फर वुमेन) सञ्चालन गरिनेछ ।

कामपाको स्वास्थ्य विभागले नेपाल हृदय रोग निवारण प्रतिष्ठानसँगको सहकार्यमा यो कार्यक्रम सञ्चालन गर्न लागेको पनि जानकारी दिएको छ । "बालबालिकामा हुने यो समस्या समयमा पत्ता लगाउन सकियो भने सरल उपचार विधिबाट स्वास्थ्य जीवन बनाउन सकिन्छ । समय बितेपछि समस्या पत्ता लाग्यो भने महंगो उपचारले पारिवारिक अवस्थालाई खराब बनाउँछ । यसकारण हामीले बालबालिकाको मुटु बाथको परीक्षण कार्यक्रम गरेका हौँ,स्वास्थ्य विभागका प्रमुख केसी भन्छन्, यो परीक्षणबाट प्राप्त हुने तथ्यांकका आधारमा थप कार्यक्रम तर्जुमा गर्नेछौँ । कामपाले थालेको यो कामले धेरै परिवारमा प्रत्यक्ष लाभ हुनेछ । भविष्यका कर्णधारहरूको जीवन बचाउन कामपाले पुण्यको काम गरेको छ । प्रतिष्ठानका सभापति महेनमोहन श्रेष्ठको प्रतिक्रिया छ । रासस

# सरकारी विज्ञापन नीतिविरुद्ध सर्वोच्चको ‘कारण देखाऊ’ आदेश




**मधेशदृष्टि**
**जनकपुरधाम।**
सरकारले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने निर्णयविरुद्ध दायर रिट निवेदनमा सर्वोच्च अदालतले ‘कारण देखाऊ’ आदेश जारी गरेको छ।
न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले सरकारका नाममा आदेश जारी गर्दै अन्तरिम आदेशबारे छलफल गर्न दुवै पक्षलाई उपस्थित हुन निर्देशन दिएको हो । नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेल ले सोमबार रिट दायर गरेका थिए। रिटमा सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रताको हकमा प्रत्यक्ष असर पार्ने उल्लेख गरिएको छ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसअघि सरकारी विज्ञापन तथा सूचनाहरू सरकारी स्वामित्वका सञ्चारमाध्यममार्फत मात्रै प्रकाशन र प्रसारण गर्नुपर्ने भन्दै सबै निकायमा परिपत्र जारी गरेको थियो।
रिट निवेदनमा उक्त निर्णयले विज्ञापन नियमनसम्बन्धी प्रचलित कानून र संवैधानिक अधिकार दुवैलाई कमजोर बनाएको जिकिर गरिएको छ।

# द्रुतमार्ग परियोजनामा १९ हजार रुख काटिँदै

**मधेशदृष्टि**
**बारा।**
निर्माणाधीन काठमाडौँ–तराई मधेश द्रुतमार्ग परियोजनाका लागि करिब १९ हजार रुख काट्न सरकारले अनुमति दिएको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले द्रुतमार्ग निर्माणका क्रममा पर्ने १८ हजार ९ सय ९८ वटा रुख हटाउन स्वीकृति प्रदान गरेको हो । सरकारी निर्णयअनुसार काठमाडौँ, ललितपुर र मकवानपुर जिल्लाका विभिन्न वन क्षेत्रको ४६.३९ हेक्टर जमिन प्रयोग गर्न पनि अनुमति दिइएको छ । सोही क्षेत्रभित्र पर्ने रुखहरू परियोजना कार्यान्वयनका लागि हटाइने जनाइएको छ । बैठकपछि संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले परियोजनाको निर्माण कार्यलाई तीव्र बनाउन आवश्यक वन क्षेत्र प्रयोग र रुख कटान सम्बन्धी निर्णय गरिएको जानकारी दिइन् । द्रुतमार्गलाई राष्ट्रिय प्राथमिकताको पूर्वाधार परियोजनाका रूपमा लिइएको छ, जसले राजधानीलाई तराईसँग छोटो दूरीमा जोड्ने लक्ष्य राखेको छ।

# छोरासहित आमा मृत फेला

**दमौली।**
तनहुँको भानु नगरपालिका–६ पण्डिथरमा मंगलबार एक वर्षीय छोरासहित आमाको शव मृत अवस्थामा फेला परेको छ।
सोही ठाउँ बस्ने २५ वर्षीय सरिता परियार र उनका छोरा कुमार परियार घर नजिकको रुखमा झुन्डिएको अवस्थामा मृत फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अमृत लामिछानेले जानकारी दिए । घटनासम्बन्धमा थप अनुसन्धान भइरहेको र शवपरीक्षणका लागि प्रदेश अस्पताल दमौली ल्याइएको उनले बताए।

# कर्मचारीमाथि दुर्व्यवहार आरोपी मेयर सम्पर्कविहीन



**मधेशदृष्टि**
**धनुषा ।**
धनुषाधाम नगरपालिकामा सहायक कर्मचारी नगरप्रमुख बालेश्वर मण्डलबाट दुव्र्यवहारमा परेका छन् । आफूमाथि मेयरबाटै दुव्र्यवहार भएको भन्दै उनले उजुरी दिएका छन् । आर्थिक प्रशासन शाखामा कार्यरत सहायक स्तरका कर्मचारी सुरेश कुमार मण्डलले प्रमुख जिल्ला अधिकारीलाई आफू कार्यालयमै अपमानजनक व्यवहार, गालीगलौज तथा हातपातको प्रयासमा परेको बताएका छन् ।
कार्यालयकै कामकाजक्रममा नगर प्रमुखसँग सामान्य विवाद उत्पन्न भएपछि स्थिति तनावपूर्ण बनेको र नगरप्रमुखबाट अभद्र व्यवहार भएको उनको दाबी छ । यसले आत्मसम्मानमा आघात पुगेको दाबीसहित शान्ति–सुरक्षा माग्दै प्रशासनमा निवेदन दिएका छन् । उजुरी जिल्ला प्रशासन कार्यालय धनुषामा दर्ता भएको छ । मेयर मण्डलमाथि जिल्ला प्रहरी कार्यालय धनुषामा समेत उजुरी दर्ता भएको छ । मण्डललाई बुधबार उपस्थितिको लागि प्रहरीले पत्नाचार गरेको छ । मेयर मण्डलको दुई वटै मोबाइल अफ छ ।

# बागमती प्रदेशसभाको सत्रौँ हिउँदे अधिवेशन प्रारम्भ

**मकवानपुर।**
बागमती प्रदेशसभाको १७औँ हिउँदे अधिवेशन मंगलबारदेखि प्रारम्भ भएको छ।
बैठकमा उपसभामुख अप्सरा चापागाईंले बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाबाट प्रदेशसभाको अधिवेशन आह्वानसम्बन्धी पत्र वाचन गरेकी थिइन्। उनले तत्कालीन सभामुख भुवनकुमार पाठकले आफ्नो पदबाट दिएको राजीनामा तथा छ जना प्रदेशसभा सदस्यले दिएको राजीनाबारे सभालाई जानकारी गराइन्।
उपसभामुख चापागाईंले सभामुख एवम् उपसभामुख बैठकमा अनुपस्थित रहेको अवस्थामा सभा सञ्चालनका लागि मनोनीत गरेका चार सदस्यको नाम बैठकले स्वीकृत गरेको छ। मनोनीत हुनेहरू सुना परियार, सुष्मा भुजेल न्यौपाने, हरिप्रसाद सापकोटा र लक्ष्मी घिमिरे छन्।
बैठकको विशेष समयमा सम्बोधन गर्दै मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सङ्घीय सरकारसँगको सहकार्य र समन्वयमा प्रदेश सरकारले सुशासन प्रवद्र्धनका लागि काम गर्ने बताए । उनले प्रदेशका विभिन्न जिल्लामा बहुवर्षीय योजनालाई क्रमशः कार्यान्वयन गर्दै लैजाने सरकारको नीति रहेको उल्लेख गरे । प्रदेशसभाको अर्को बैठक बुधबार बिहान ११ बजे बस्नेछ।

# ‘पत्रकारहरूको हकहितप्रति मधेश प्रदेश सरकार सधैँ सकारात्मक’

**महेन्द्रनगर।**
मधेश प्रदेश सरकारका अर्थमन्त्री महेशप्रसाद यादवले पत्रकारहरूको हकहित र प्रेस स्वतन्त्रताको संरक्षणप्रति प्रदेश सरकार सधैँ सकारात्मक र प्रतिबद्ध रहेको बताएका छन्।
धनुषाको ढल्केवरमा आयोजित कार्यक्रममा अर्थमन्त्री यादवले लोकतन्त्रको सुदृढीकरणका लागि स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिता अपरिहार्य रहेको उल्लेख गरे । उनले पत्रकारहरूले भोगिरहेका समस्या र चुनौती समाधानका लागि प्रदेश सरकार गम्भीर रहेको बताउँदै आवश्यक नीतिगत तथा संरचनागत सुधारमा ध्यान दिइने बताए।
‘पत्रकारहरूको पेसागत सुरक्षा, क्षमता अभिवृद्धि र सामाजिक सुरक्षाको सुनिश्चितता हाम्रो प्राथमिकतामा रहेको छ,’ मन्त्री यादवले भने, ‘सञ्चार क्षेत्र सशक्त भए मात्र सुशासन र पारदर्शिता कायम गर्न सकिन्छ।’ उनले सूचना प्रवाहलाई थप प्रभावकारी बनाउन र सञ्चारमाध्यमहरूसँग सहकार्य बढाउन प्रदेश सरकार तत्पर रहेको पनि स्पष्ट पारे ।साथै, पत्रकारिता क्षेत्रलाई मर्यादित, जिम्मेवार र विश्वसनीय बनाउन सबै पक्षले आ–आफ्नो भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिए।
कार्यक्रममा सहभागी पत्रकारहरूद्वारा प्रस्तुत समस्या तथा सुझावहरू कार्यान्वयनका लागि सकारात्मक पहल गर्ने उनले प्रतिबद्धता व्यक्त गरे।

# लेक लागेर चार विदेशीसहित सात पर्यटकको मृत्यु

**मुस्ताङ ।**
हिमाली जिल्ला मुस्ताङमा पर्वतीय ‘हाई अल्टिच्युड’ का कारण लेक लागेर चार विदेशी नागरिकसहित सात जनाको मृत्यु भएको छ । चालु आर्थिक वर्षको गत भदौ २२ देखि यही चैत २० गतेसम्म यहाँ भ्रमणमा आएका पर्यटकमध्ये छ पुरुषसहित एक महिला पर्यटकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक ईश्वर महतका अनुसार मृत्यु हुनेमा भारतका तीन पुरुष र मेक्सिकोका एक गरी चार पर्यटक रहेका छन् । यसरी मृत्यु हुनेमा ४१ वष उमेर समूहदेखि ७५ वर्ष उमेर समूहका रहेका छन् ।
जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार चालु आवको २२ भदौमा मुक्तिनाथमा लेक लागेर वेलगार्व, उदारखुर्द, कर्नाटक भारतका ७१ वर्षीय आन्नद माधवाराओ देशपाण्डेको मृत्यु भएको थियो । गत असोज २४ गते महालक्ष्मी नगरपालिका–४ इमाडोल ललितपुरका ७५ वर्षीय माधवप्रसाद शर्मा उप्रेतीको घरपझोङ–४ जोमसोममा लेक लागेर मृत्यु भएको थियो । यसैगरी कात्तिक ९ गते सिन्धुपाल्चोकको बलेफी गाउँपालिका–८ घर भएका ५० वर्षीय जगतबहादुर तिमिल्सिनाको घरपझोङ–२ मार्फामा लेक लागेर मृत्यु भएको प्रहरी निरीक्षक महतले जानकारी दिए ।
यस्तै, कात्तिक २२ गते ६१ वर्षीय भारतीय पर्यटकको घरपझोङ–३ स्थित एक होटलमा, पुस १२ गते ७४ वर्षीय भारतीय पर्यटक चन्द्रकान्त श्रपत तम्बोकरको मुक्तिनाथ रानीपौवामा लेक लागेर मृत्यु भएको थियो । यसैगरी, यही चैत १७ गते मेक्सिकोका ६७ वर्षीय फेडेरिको लोपेज क्याम्बाको थासाङ गाउँपालिका–१ टुकुचेस्थित पक्की पुल नजिक लेक लागेर मृत्यु भएको थियो भने चैत २० गते ठोरी गाउँपालिका–४ पर्साकी ४१ वर्षीय सरिता बुढाथोकीको मुक्तिनाथ मन्दिरमा लेक लागेर मृत्यु भएको प्रहरीको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

# मुग्लिन–मलेखु सडकखण्ड: घोप्टे भिरको भित्तो काटियो



**चितवन ।**
पृथ्वी राजमार्गको नागढुङ्गा–मलेखु सडक स्तरोन्नतिका क्रममा घोप्टे भिरको भित्तो काट्ने काम सम्पन्न भएको छ । छ दिन रातको समयमा सडक आवागमन बन्द गरेर भित्तो काट्ने काम गरिएको हो ।
नागढुङ्गा–मुग्लिन सडक आयोजनाअन्तर्गत पश्चिम खण्ड मुग्लिन–मलेखु सडकका सूचना अधिकारी सचेन्द्र मिश्रका अनुसार घोप्टे भिरको दुई सय ५० मिटर लामो सडकको छेउको भित्तो काटिएको हो । यहाँ करिब ५० मिटर माथिबाट भित्तो काटेर सडक थप चार मिटर फराकिलो बनाइएको छ । भित्तो काटिएसँगै अब सडक १२ मिटर फराकिलो भएको छ ।
चैत १७ देखि २२ गतेसम्म राति १० बजेदेखि बिहान ४ बजेसम्म सडक आवागमन रोकेर काम गरिएको थियो । त्यस क्रममा तीन वटा एक्साभेटर, दुई वटा लोडर, १० वटा टिप्पर र सोही अनुपातमा जनशक्ति परिचालन गरिएको सूचना अधिकारी मिश्रले बताए । यस्तै, मनकामना केबुलकारबाट रमाइलो डाँडा जाने सडकको बीच भागमा पर्ने अर्को एक भित्तो काट्ने काम आधा सकिएको र यहाँ ७० मिटर सडक छेउको भित्तो काटेर विस्तार गर्ने योजना रहेको उनले जानकारी दिए ।
एकैपटक लामो समय सडक रोक्न गाह्रो हुने भएकाले थप भित्तो काट्ने काम सकिएपछि यहाँ पनि काम गरिने मिश्रको भनाइ छ । समग्रमा यहाँ सडक विस्तारको काम ४१ प्रतिशत सम्पन्न भएको छ । हाल कालोपत्र गर्ने, कालोपत्रको तयारी, नाला बनाउने, पर्खाल लगाउने जस्ता काम भइरहेका उनले बताए ।
विसं २०७९ पुस १५ गते तीन वर्षमा सम्पन्न गर्नेगरी यो सडकको ठेक्का सम्झौता भएको थियो । समयमा काम नसकिएपछि छ महिना म्याद थप गरिएको छ । पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन–नागढुङ्गा खण्डलाई तीन चरणमा बोलपत्र आह्वान गरिएको हो ।
हाल काम भइरहेको क्षेत्र तेस्रो चरणअन्तर्गत पर्दछ । उक्त खण्डमा ३८ दशमलव ८६ किलोमिटर सडक पर्दछ । यस खण्डमा पर्ने मलेखु, बेनीघाट र मुग्लिनमध्ये दुई दशमलव दुई किमी छ लेन सडक बन्नेछ । सात दशमलव दुई किमी सडक चार लेनको हुनेछ । चार लेन रमाइलो डाँडा, कुरिनटार, फिस्लिङ, चुम्लिङ, मझिमटार, चरौँदी र विशालटार क्षेत्रमा पर्दछ । दरैले उकालो–ओरालो खण्डमा तीन लेनको ‘क्लाइम्बिङ’ मार्ग बनाइने छ । ‘क्लाइम्बिङ’ मार्ग दुई दशमलव तीन किमीको हुनेछ भने बाँकी सडक दुई लेनको हुनेछ ।
शर्मा–जेडआइसिजीले चार अर्ब ८० करोड ५९ लाख रुपैयाँमा यस खण्डमा स्तरोन्नतिको काम गरिरहेको छ । सडकका विभिन्न क्षेत्रमा कालोपत्रसँगै नाला बनाउने, पहिरो रोकथामका लागि संरचना निर्माण, भित्तो काट्ने, पर्खाल लगाउने, सडक सुरक्षालगायत काम बाँकी छ । विश्व बैङ्कको सहयोगमा बनाउन लागिएको यो सडक काठमाडौँ प्रवेश गर्ने र बाहिरिने मुख्य नाकाका रूपमा रहेको छ । रासस

# करोडभन्दा बढी बैङ्किङ कसुरमा पक्राउ

**काठमाडौँ।**
एक करोड रुपैयाँ बढी बैङ्किङ कसुर गरेको आरोपमा दोषी ठहर भई फरार रहेका दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।
वादी नेपाल सरकार र प्रतिवादी काठमाडौँको तार्केश्वर नगरपालिका–५ घर भई सोही ठाउँ बस्ने ३१ वर्षीय निकेश तामाङ र भक्तपुर सूर्यविनायक–४ बालकोट बस्ने ३६ वर्षीया रीता प्रधान पौडेललाई पक्राउ गरिएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए । उनका अनुसार तामाङ काठमाडौँ जिल्ला अदालतबाट गत जेठ २७ र माघ ४ को आदेशले ९५ लाख रुपैयाँ बैङ्किङ कसुर ठहर भएका व्यक्ति हुन्। अदालतले उनीबाट थप चार लाख ७५ हजार रुपैयाँ जरिवाना तथा १९ हजार क्षतिपूर्ति र ४ महिना ५ दिन कैद हुने फैसला गरेको थियो।
त्यसपछि फरार रहेका तामाङलाई खोजतलास गर्ने क्रममा काठमाडौँको तार्केश्वर–५ बाट पक्राउ गरी आज फैसला कार्यान्वयनका लागि काठमाडौँ जिल्ला अदालतमा पेस गरिएको पनि भट्टले बताइन्।
यस्तै, सात लाख ५० हजार बैङ्किङ कसुरका दोषी ठहर भई फरार रहेकी भक्तपुर सूर्यविनायक नगरपालिका–४ बालकोट बस्ने ३६ वर्षीया रीता प्रधान पौडेललाई पनि पक्राउ गरिएको छ। रासस

# ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुई जनाको मृत्यु

**काठमाडौँ।**
ललितपुरको थसीखेलमा ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ।
ललितपुर महानगरपालिका–१४ थसीखेलस्थित सडकमा मधेस प्रदेश ०३–००१ ख ८०६८ नम्बरको ट्रकले एएए ३५४२ नम्बरको मोटरसाइकललाई मंगलबार दिउँसो ठक्कर दिंदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ।
मृत्यु हुनेमा मोटरसाइकल चालक ललितपुर महानगरपालिका–२ सानेपा बस्ने सुनसरी घर भएका ६५ वर्षीय विदुर गुरुङ र मोटरसाइकलमा सवार उनकै आमा ८५ वर्षीया धनमाया गुरुङ छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरुको अल्का अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरी केन्द्रीय समाचार कक्ष नक्सालले जनाएको छ । ठक्कर दिने ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ।

# सम्भावित नयाँ रोगको सामना गर्न तयारी गरेका छौँः स्वास्थ्यमन्त्री



**काठमाडौँ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताले सम्भावित नयाँ रोगहरूको सामना गर्न सरकार एकीकृत रूपमा अगाडि बढिरहेको बताएकी छिन्।
विश्व स्वास्थ्य दिवसका अवसरमा मंगलबार भिडियो सन्देश जारी गर्दै उनले सरकार जलवायु परिवर्तनका चुनौती र नयाँ–नयाँ रोगहरूको सामना गर्न एकीकृत रूपमा अगाडि बढिरहेको बताएकी हुन्।
मन्त्री मेहताले मानिस र पशुपन्छीको स्वास्थ्य वातावरणसँग अभिन्न रूपमा जोडिएको उल्लेख गर्दै प्रकृति सुरक्षित र पशुपन्छी स्वस्थ नरहेसम्म मानिस पनि पूर्ण रूपमा स्वस्थ रहन नसक्ने बताइन्।
उनले सबै प्राणी जगत् र पर्यावरणको रक्षा गर्नु नै स्वास्थ्यको वास्तविक मर्म रहेको उल्लेख गरिन् । ‘सरकारले राष्ट्रिय एक स्वास्थ्य रणनीतिमार्फत स्वास्थ्य, पशु र वातावरण क्षेत्रबीचको सहकार्यलाई स्थानीय तहसम्म सुदृढ बनाउँदै लगेको छ,’ मन्त्री मेहताले भनिन्, ‘त्यसैले यो सबै कुरालाई मध्यनजर गरी सरसफाइलाई दैनिक जीवनको अभिन्न अङ्ग बनाऔँ, स्वस्थकर जीवनशैली अपनाउन लागौँ।’
उनले विज्ञानमा विश्वास गर्न, खोप लगाउन र नियमित स्वास्थ्य जाँच गराउन तथा चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गर्न पनि सबैमा आग्रह गरेकी छिन् । मंगलबार विश्व स्वास्थ्य दिवस ‘मानव, पशुपन्छी र पर्यावरणको हित; विज्ञान र एक स्वास्थ्य हाम्रो जित’ भन्ने नाराका साथ मनाइएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन